सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१८ असार २०८३, बिहीबार (2 July 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ८० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

CG

Kwik's SNACKS

TASTE THE FLAVOURS OF THE WORLD

ARGENTINIAN CHEESE WITH HERBS FLAVOUR CHEESE BALLS

FRENCH ONION FLAVOUR POTATO CHIPS

MEXICAN STREET STYLE CORN FLAVOUR POTATO CHIPS

BRAZILIAN CHILLI & LIME FLAVOUR STIX

PORTUGAL PERI PERI LIME SALSA FLAVOUR POTATO CHIPS

GERMAN BBQ FLAVOUR POTATO CHIPS

CG

SINCE 1984

उही स्वाद,
उही याद

CG

CLASSIC

INSTANT NOODLES

WITH DEHYDRATED
VEGETABLES & CHILLI FLAKES

CHICKEN SOUP BASE

NET 75g e

उही स्वाद,
उही याद

SUGGESTED GARNISHING

Images for representation purpose only.

खाना

सुप

खाना

With
Dehydrated
Vegetables
& Chilli Flakes


NET
75g

सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१८ असार २०८३, बिहीबार (2 July 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ८० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



केन्द्रीय समितिमा ५० प्रतिशत महिला प्रतिनिधित्व गराउने रास्वपाको तयारी

९९ केन्द्रीय सदस्यका लागि भएको निर्वाचनमा ५१% महिला निर्वाचित भइसकेका छन् भने सभापतिले मनोनीत गर्ने ५१ सदस्यमा पनि समावेशी-समानुपातिक चरित्र देखिने गरी महिलालाई प्राथमिकतामा राखिने

■ रास्वपा महामन्त्री **विपिन आचार्य** भन्छन्- रास्वपा सबै क्लस्टर समेट्ने पार्टी हुन्छ



पार्टीको सर्वोच्च समितिमा निर्वाचनबाट भएको ५१% महिला प्रतिनिधित्व ऐतिहासिक छ। अब मनोनीत गर्दा पनि अधिकतम ल्याएर ५०% महिला पुऱ्याउने प्रयास रहन्छ। निर्वाचितमा महिला आए भन्दैमा मनोनीत सबै पुरुष हुँदैनन्। सिंगै समितिमा महिलाको जबर्जस्त उपस्थिति अहिलेकै जस्तो अनुपातमा देख्न पाइनेछ। नेतृत्वमा महिलाको सहभागिता बढोस्, अन्य समुदायको पनि उल्लेख्य उपस्थिति होस् भन्ने पार्टीको स्पिरिट हो। सभापतिजीले पदाधिकारीदेखि केन्द्रीय सदस्यसम्म मनोनीत गर्दा पनि त्यसलाई सम्बोधन हुने गरी गर्नुहुन्छ।

कमलराज भट्ट/नयाँ पत्रिका

नेपाली राजनीतिक इतिहासमै पहिलोपटक राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्नो केन्द्रीय समितिमा जनसंख्याको अनुपातअनुसार महिलाको प्रतिनिधित्व सुनिश्चित गर्ने तयारी गरेको छ। चितवनमा सम्पन्न पहिलो महाधिवेशनबाट प्रत्यक्ष निर्वाचित केन्द्रीय समितिमा ५१ प्रतिशत महिला निर्वाचित भएपछि अब सभापतिले मनोनयन गर्ने सदस्यमा पनि यही अनुपात कायम राख्ने प्रयास हुने रास्वपाले जनाएको छ। सभापतिले ५१ केन्द्रीय सदस्य मनोनयन गर्ने व्यवस्था छ।

» पृष्ठ ७ मा क्रमशः



रास्वपा केन्द्रीय कार्यालयमा बुधबार पद तथा गोपनीयताको शपथ लिँदै महाधिवेशनबाट निर्वाचित ६ पदाधिकारी। उनीहरूसहितका सदस्यहरूलाई सभापति रवि लामिछानेले शपथ गराएका छन्। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

■ अधिकारकर्मी **इन्द्र अधिकारी** भन्छिन्-



सत्तासीन पार्टीको मुख्य संरचनामा प्रतिशतको हिसाबले महिला सहभागिता बढ्नु सकारात्मक हो। यो लामो समयदेखि गरिरहेको आन्दोलनको परिणाम हो। प्रतिनिधित्व संख्याको हिसाबले सकारात्मक छ। तर, समावेशिताको हिसाबले हेर्दा पहिलादेखि चिनिएका चर्चित, पार्टीमा सहभागिता जनाइरहेका, पैसा-प्रसिद्धि कमाइसकेका, राज्य संरचनामा पहिचान बनाएकाहरू नै फेरि केन्द्रीय संरचनामा आएको हुनाले वर्गीय-जातीय हिसाबले तल्लो तह समेटिएनन्। यद्यपि, संख्यात्मक रूपले भए पनि महिलाहरू आउँदा अरू दललाई पनि प्रतिनिधित्व गराउन-बनाउन बाध्य बनाउँछ। यो सन्देश प्रवाह हुँदै जान्छ।

■ त्रिभुवन विश्वविद्यालयको समाजशास्त्र केन्द्रीय विभागका उपप्राध्यापक दीपेश घिमिरे भन्छन्-



००७ सालको क्रान्ति होस् वा बहुदल प्राप्तिपछि पनि दलहरूको नेतृत्वमा महिलाको निकै कम सहभागिता रह्यो। संविधान निर्माणपछि ३३% बाध्यकारीबाहेक यो तहको उपस्थिति देखिँदैन। निर्वाचित नै भएर आधा महिला आउनु ठुलो कुरा हो। यसले राजनीतिमा महिला हस्तक्षेप सम्भव छ भन्ने देखाउँछ। यहाँ महिलालाई आफ्नो दलभित्र सहज वातावरण नबनाई अगाडि जान सकिँदैन भन्ने सन्देश पनि छ। जसरी माओवादी आन्दोलनमा महिला बन्दुक बोकेर गए। त्यसले राज्य संरचनामा परिवर्तन ल्यायो। पुरुष मात्रै भर्ना हुने नेपाली सेना रिफर्म गर्न बाध्य भयो। महिलाहरू भर्ना पनि हुन थाले। अहिले रास्वपाको यो उपस्थितिले अरू दललाई पनि महिलामैत्री बन्न र नीति लिन तथा निर्वाचित हुने वातावरण बनाउने हिसाबले योगदान र संकेत गर्छ। रास्वपामा भएको प्रतिनिधित्व समग्र समाजको प्रतिनिधित्व हो।

■ **निर्वाचित पदाधिकारी र केन्द्रीय सदस्यले लिए शपथ**

५१ सदस्य र १२ पदाधिकारी मनोनीत कहिले ?

महाधिवेशनबाट निर्वाचित सभापतिबाहेकका ६ पदाधिकारी र ९९ सदस्यले बुधबार पद तथा गोपनीयताको शपथ लिएका छन्। सभापति लामिछानेले उनीहरूलाई शपथ गराउँदै प्रमाणपत्र र घन्टी चिह्नसहितको मायाको चिनो उपहार दिए। अझै १२ पदाधिकारी र ५१ केन्द्रीय सदस्य मनोनीत हुन बाँकी छ। यी पदमा सभापतिले मनोनीत गर्ने विधानको व्यवस्था छ। महामन्त्री विपिन आचार्यले मनोनीत गर्न धेरै ढिलाइ नहुने बताए। 'सभापतिले सरसल्लाह गरिरहनुभएको छ। परिपक्व, खारिएको र समाज बुझेको मान्छे ल्याउने गरी हेरिरहनुभएको छ। उहाँले जहिले उचित ठान्नुहुन्छ, त्यतिबेलै मनोनीत गर्नुहुन्छ। तर, धेरै लम्ब्याउनुपर्ने कारण छैन, टाढा पनि जाँदैन,' उनले भने।

■ **तीन आयोगमा नेतृत्व चयन**

महाधिवेशनपछि रास्वपाको पहिलो केन्द्रीय समिति बैठकले निर्वाचन आयोग, लेखा आयोग र अनुशासन आयोगमा नेतृत्व चयन गरेको छ। सहमहामन्त्री हरि ढकालका अनुसार निर्वाचन आयोगमा भुवन केसी र लेखा आयोगमा अभिषेक घिमिरे चयन भएका छन्। त्यस्तै, अनुशासन आयोगमा पूर्वन्यायाधीश लेखनाथ पौडेललाई चयन गरिएको छ।

दरबार हत्याकाण्डको अनुसन्धानबारे अलमलमा गृह मन्त्रालय

नयाँ पत्रिका

गृह मन्त्रालयमा दोस्रोपटक कार्यभार सम्हाल्दा गत २६ जेठमा गृहमन्त्री सुधन गुरुङले गरेका चार निर्णयमध्ये एक थियो- दरबार हत्याकाण्डको अनुसन्धान गर्ने। निर्णयको तीन साता बितिसक्दा पनि त्यसको प्रक्रिया भने अघि बढ्न सकेको छैन।

दरबार हत्याकाण्डको छानबिनका लागि कुनै स्वतन्त्र समिति वा आयोग बनाउने कि प्रहरीबाटै अनुसन्धान गर्ने भन्ने विषयमा गृह नेतृत्व अझै निष्कर्षमा पुग्न सकेको छैन। यस विषयमा विभिन्न विकल्पमा छलफल भइरहेको गृह मन्त्रालयका अधिकारी बताउँछन्। समिति बनाउँदा मन्त्रिपरिषद्बाटै निर्णय गराउने विषयमा पनि छलफल भइरहेको छ।

घटनाको मुचुल्का तथा मृतकको पोस्टमार्टम नभएकाले अहिले कसरी अनुसन्धान गर्ने भन्नेमा सुरक्षा अधिकारी पनि अन्योलमा छन्। त्यतिबेलाका धेरै प्रमाण नष्ट भइसकेका छन्। अर्कोतर्फ कानुनी जटिलतासमेत छ। मुलुकी अपराध संहिताअनुसार अभियुक्त नखुलेको ज्यानसम्बन्धी कसुर मुद्दाको हदम्याद २० वर्षको हुन्छ। दरबार हत्याकाण्ड भएको २५ वर्ष नाघिसकेको छ। अहिले फेरि प्रहरीबाट ज्यान मुद्दामै अनुसन्धान गर्न कठिन हुने प्रहरी अधिकारी बताउँछन्।

१९ जेठ ०५८ मा नारायणहिटी दरबारमा भएको गोली प्रहारबाट तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्यासहित १० जनाको मृत्यु भएको थियो। यस विषयमा तत्कालीन प्रधानन्यायाधीश केशवप्रसाद उपाध्याय नेतृत्वको उच्चस्तरीय छानबिन समितिले तत्कालीन युवराज दीपेन्द्रलाई जिम्मेवार ठहऱ्याएको थियो। गृहले हाल पुराना प्रतिवेदनको अध्ययन गरी नयाँ छानबिन गर्न लागेको हो। तर, कसरी छानबिन गर्ने भन्नेमा निर्णय भइनसकेको गृहप्रवक्ता आनन्द काफ्ले बताउँछन्।

कोशी, लुम्बिनी र सुदूरपश्चिममा बजेटले बढायो सत्ता किचलो

सत्तारूढ दलभित्रै मुख्यमन्त्री हेरफेरको खेल चलिरहेका वेला बजेटले थप द्वन्द्व निम्त्यायो, रोकियो बजेटमाथिकै छलफल

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र

घर भत्के **बङ्गलामा**
बस्। बङ्गला नभए **अपार्टमेन्ट**
किनेर बस्!



■ असइ थमन विक हत्या प्रकरण

जिल्लाबाट सफाइ पाएका पूर्वसांसद महतो दोषी ठहर

लोसपा सांसद अभिराम शर्माको सजाय घट्यो

जनकपुरधाममा **हदिश खुद्दार**

सशस्त्र प्रहरी बल नेपालका असइ थमन विक हत्या प्रकरणमा उच्च अदालत जनकपुरधामले जिल्ला अदालत महोत्तरीबाट भएको फैसला आंशिक उल्ट्याएको छ। उच्च अदालतका कायममुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवर र न्यायाधीश मुरारीबाबु श्रेष्ठको बुधबारको संयुक्त इजलासले दुई पूर्वसांसदसहित ६ जनालाई पाँच वर्ष कैद, तीनजनालाई जन्मकैद फैसला सुनाएको हो।



लक्ष्मी कोइरी महतो

जिल्ला अदालत महोत्तरीबाट जन्मकैदको सजाय पाएका निलम्बित लोसपा प्रदेश सांसद अभिराम शर्मा, जलेश्वर नगरपालिकाका पूर्वमेयर रामशंकर मिश्र तथा धर्मेन्द्र राय र सुरेश पाण्डेलाई पाँच वर्षका दरले कैद सजाय सुनाइएको हो। यी चारैजना फरार छन्। उनीहरूले विकमाथि प्रत्यक्ष रूपमा भौतिक आक्रमण गरेको वस्तुनिष्ठ प्रमाण नदेखिए पनि मुख्य प्रतिवादीहरूको बयान र घटनाको समग्र परिस्थितिअनुसार हत्या गराउने कार्यमा संलग्नता देखिएको ठहर गर्दै उच्चले पाँच कैद सजाय सुनाएको हो। यसैगरी, जिल्ला अदालतबाट सफाइ पाएका एमाले पूर्वसांसद लक्ष्मी कोइरी महतो र पवन कापरलाई समेत उच्च अदालतले दोषी ठहर गर्दै जनही पाँच वर्ष कैदको सजाय सुनाएको छ।

» पृष्ठ ७ मा क्रमशः



भाउ घट्ने सूचना चुहिएपछि मंगलबार पेट्रोल-डिजेल नउठाएका पेट्रोल पम्प बुधबार दिनभर बन्द

अजित अधिकारी/नयाँ पत्रिका

पेट्रोलियम पदार्थको कारोबार अत्यावश्यक सेवाअन्तर्गत पर्छ। जुन अवरुद्ध गर्न पाइँदैन। तर, भाउ घट्ने सूचना चुहिएपछि मंगलबार आयल निगमबाट पेट्रोल-डिजेल नउठाएका पेट्रोल पम्प सञ्चालकहरूले बुधबार दिनभर पम्प नै बन्द गरे।

मूल्य घट्ने सूचना चुहिएपछि मंगलबार देशभरका करिब ९० प्रतिशत पम्पले आयल निगमको डिपोबाट तेल उठाएका थिएनन्। त्यसको असर बुधबार उपभोक्ताले खेप्नुपऱ्यो। कार्यालय समयमा डिपो खोलेर आयल निगमले वितरण गरे पनि पम्पहरूमा पुग्न ढिला भएपछि सञ्चालकले तेल अभावमा पम्प नै बन्द गरे।

पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिसनका अध्यक्ष विश्वप्रसाद अर्यालले मूल्य घट्ने पूर्वअनुमान हुँदा व्यवसायीले खरिद नगर्नु स्वाभाविक भएको तर्क गरे। 'मूल्य घट्ने निश्चित हुँदाहुँदै पम्पहरूले तेल खरिद नगर्नुलाई स्वाभाविक रूपमा लिनुपर्छ,' उनले भने, 'बुधबार बाहिर हल्ला गरेजस्तो ठुलो अभाव भएको होइन, छिट्टै आपूर्ति सहज भएको अवस्था थियो।'

» पृष्ठ ७ मा क्रमशः



बुधबार दिउँसो बन्द गरिएको ललितपुरको एकान्तकुनास्थित गायत्रीदेवी पेट्रोल पम्प। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

■ तेल बिक्री नगर्ने यी १४ पम्प सिल गरिएको थियो, तर सचेत गराएर पुनः खोलियो

काठमाडौंका ८ पेट्रोल पम्प ● सीता फ्युल महाराजगन्ज ● श्री ब्रदर्स, नयाँ बानेश्वर ● हरिसिद्धि आयल स्टोर, मीनभवन ● भ्याली बाबा सप्लायर्स, तीनकुने ● मैतीदेवी आयल स्टोर्स, मैतीदेवी ● वसुन्धरा आयल स्टोर्स, वसुन्धरा ● दिव्य सप्लायर्स, वसुन्धरा ● इलाइट फ्युल सेन्टर, सुकेधारा

पोखराका ६ पेट्रोल पम्प ● पश्चिमाञ्चल ट्रेडिङ प्रालि ● पृथ्वी राजमार्ग पेट्रोलियम प्रालि ● श्रीओम पेट्रोलियम ट्रेडर्स ● वृहस्पति आयल डिस्ट्रिब्युटर्स ● कमला आयल स्टोर्स ● अन्नपूर्ण आयल डिस्ट्रिब्युटर्स

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

कोशी, लुम्बिनी र सुदूरपश्चिममा बजेटले बढायो सत्ता किचलो

सत्तारूढ दलभित्रै मुख्यमन्त्री हेरफेरको खेल चलिरहेका वेला बजेटले थप द्वन्द्व निम्त्यायो, रोकियो बजेटमाथिकै छलफल

विराटनगरमा **गणेश लम्साल**, बुटवलमा **विष्णु घिमिरे**, धनगढीमा **तेजराज भट्ट**

कोशी, लुम्बिनी र सुदूरपश्चिममा बजेटपछि सत्ता किचलो झनै बढेको छ। सत्ता नेतृत्व फेरबदलको मागसहित सत्तारूढ दल कांग्रेस र एमालेभित्र मतभेद रहँदै आएकामा १ असारको बजेपछि असन्तुष्टि सतहमा आएको हो। कोशी र लुम्बिनीमा एमाले नेतृत्वको सरकार छ भने सुदूरपश्चिममा कांग्रेसले सरकार चलाइरहेको छ।

कोशीमा एमाले नेता हिक्मतबहादुर कार्की नेतृत्वको सरकार फेर्न कांग्रेस मात्र होइन एमालेका सांसदहरू पनि लागिरहेका छन्। कांग्रेस आफूले नेतृत्व पाउनुपर्ने अडानमा छ भने एमाले नेताहरू कार्कीलाई हटाएर एमालेबाटै नयाँ मुख्यमन्त्री बनाउने कसरतमा छन्।

लुम्बिनीमा एमाले नेता चेतनारायण आचार्य नेतृत्वमा कांग्रेस-एमाले सत्तासाझेदार छन्। कांग्रेसले बजेटपछि मुख्यमन्त्री फेर्नुपर्ने अडान राख्दै यसअघि आफ्ना मन्त्री फिर्ता बोलाएको थिएन।

सुदूरपश्चिम प्रदेशमा त सत्ता नेतृत्व गरेको दल कांग्रेसभित्रै मतभेद रहेकामा सत्तासाझेदार एमालेले बजेट संशोधन नभए सरकार छाड्ने चेतावनी दिइसकेको छ। त्यहाँ कमलबहादुर शाह मुख्यमन्त्री छन्। सत्ता झमेलाका कारण यी प्रदेशमा बजेट पारित त परै, छलफल पनि हुन सकेको छैन। १ असारमा प्रदेश सभामा बजेट प्रस्तुत गर्नुपर्छ भने असार मसान्तसम्म प्रदेश सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।

बजेटको प्राविधिक विषयलाई लिएर सुरु भएको यो विवादले बिस्तारै राजनीतिक रूप लिन थालेको छ। संसदीय व्यवस्थामा सरकारले ल्याएको बजेट संशोधन हुनु वा फेल हुनु भनेको सरकार अल्पमतमा पर्नु र ढल्नु हो। कोशीका मुख्यमन्त्री कार्की २७ वैशाख ०८१, लुम्बिनीमा आचार्य ७ साउन ०८१ र सुदूरपश्चिममा शाह २० साउन ०८१ देखि पदमा बहाल छन्।

कोशीमा बजेट झमेला : सत्ता परिवर्तनको खेल

आगामी आर्थिक वर्ष ०८३/८४ का लागि कोशीले ल्याएको बजेटले सत्तागठबन्धनभित्रै राजनीतिक किचलो निम्त्याएको छ। बाहिर हेर्दा बजेट विनियोजनको असन्तुष्टि देखिए पनि भित्री रूपमा यो लफडा मुख्यमन्त्री हिक्मतकुमार कार्की नेतृत्वको सरकार फेर्ने र नयाँ सत्तासमीकरण बनाउने दाउपेचसँग जोडिएको छ। गठबन्धनभित्र चुलिएको यही 'बजेट झमेला'का कारण ११ असारमा बस्ने भनिएको प्रदेश सभा बैठक सत्ताधारी सांसदकै चेतावनीपछि १३ असार, १६ असार हुँदै फेरि १८ असारसम्मका लागि धकेलिएको छ।

आर्थिक मामिला तथा योजनामन्त्री विदुरकुमार लिङ्थेपले १ असारमा प्रस्तुत गरेको ४० अर्ब ४४ करोड ९८ लाख रुपैयाँको बजेटमा मुख्यमन्त्री र पहुँचवाला मन्त्रीहरूले एकलौटी गरेको आरोप लागेको छ। उनी एमाले सांसद हुन्। एमाले र कांग्रेसका २७ जना सांसदहरूले संयुक्त हस्ताक्षर अभियान नै चलाएर बजेट परिमार्जन नभएसम्म संसद्बाट पारित हुन नदिने अडान कसेका छन्।

यद्यपि, कांग्रेस प्रमुख सचेतक गोपाल तामाङ सत्ताधारी सांसदको हस्ताक्षर अभियान बजेटको असन्तुष्टि मात्रै भएकाले सरकार परिवर्तनसँग नजोडिएको बताए। उनका अनुसार गठबन्धनमा भएको सहमतिअनुसार आगामी साउनपछि कांग्रेसले नेतृत्व पाउनेछ। 'यो बजेटको असन्तुष्टिको विषय मात्र हो। सरकार परिवर्तनसँग जोडिएको छैन आलोपालो सहमतिअनुसार साउनपछि कांग्रेसले सरकारको नेतृत्व गर्छ,' उनले भने।

असन्तुष्ट कांग्रेस सांसदहरू संसदीय दलका नेता उद्धव थापालाई कुनै पनि हालतमा मुख्यमन्त्री स्विकार्न तयार छैनन्। त्यसैले बजेटकै बहानामा सरकारलाई संकटमा पारेर नेतृत्व परिवर्तनको बहस सतहमा ल्याउन उनीहरू लागिपरेका छन्। हस्ताक्षर अभियानमा सहभागी एमाले सांसद होम थापाले पनि बजेट सच्याउन दबाबका लागि मात्र हस्ताक्षर संकलन गरिरहेको बताए। 'यसमा हाम्रो अरू स्वार्थ छैन। आफ्नै क्षेत्रमा मात्रै बजेट केन्द्रित गर्ने प्रवृत्ति सच्चिँका लागि अन्त्य गरिनुपर्छ भन्ने मात्र माग हो,' उनले भने।

तर, एमालेभित्रै मुख्यमन्त्री कार्कीइतर खेमाले यसलाई अवसरका रूपमा लिएको छ। बजेट विवाद चर्किएर कार्की ब्याक हुनुपरेमा ताप्लेजुङका सांसद तिलकुमार मेन्याङ्बोलाई मुख्यमन्त्रीमा अगाडि सार्ने एमालेको एउटा तप्काको योजना छ। यो किचलोको त्यान्द्रो केन्द्रको राजनीतिसँग पनि जोडिएको छ। गत २१ फागुनको आमनिर्वाचनमा झापा ५ मा पराजित भएपछि एमाले अध्यक्ष केपी ओली सोही क्षेत्रबाट प्रदेशमा निर्वाचित भएका मुख्यमन्त्री हिक्मतकुमार कार्की र उनका दाजु दीपककुमार कार्कीसँग रुष्ट रहेको चर्चा छ।

जेन-जी आन्दोलनपछि बदलिएको राजनीतिक परिदृश्यका कारण पनि अध्यक्ष ओली कोशीमा नेतृत्व हेरफेर गर्न चाहन्छन्। यस विषयमा ओलीले कांग्रेस उपसभापति विश्वप्रकाश शर्मादिखि नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डसँग समेत संवाद अगाडि बढाइसकेको स्रोतको दाबी छ। यद्यपि, नयाँ सरकार बनाउँदा नेकपालाई समेट्ने कि कांग्रेसलाई नै नेतृत्व छाडेर अघि बढ्ने भन्नेमा एमाले केन्द्रीय नेतृत्व अझै अनिर्णीत छ। कोशी प्रदेश सभाको दोस्रो कार्यकालको चार वर्षमा मात्रै ६ जना मुख्यमन्त्री र ४७ जना मन्त्री नियुक्त भइसकेका छन् भने १४ पटक मन्त्रिपरिषद् विस्तार भइसकेको छ। कुल नौ मन्त्रालय रहेको यो प्रदेशमा दोहोरिएकासहित मन्त्रीको संख्या ५८ पुगिसकेको छ।



हिक्मतकुमार कार्की
मुख्यमन्त्री, कोशी प्रदेश



चेतनारायण आचार्य
मुख्यमन्त्री, लुम्बिनी प्रदेश



कमलबहादुर शाह
मुख्यमन्त्री, सुदूरपश्चिम प्रदेश

लुम्बिनीमा बजेट विवादसँगै मुख्यमन्त्री परिवर्तनको बहस

लुम्बिनी प्रदेशमा बजेट विवाद चर्किँदै जाँदा मुख्यमन्त्री परिवर्तनको बहस पनि पुनः सतहमा आएको छ। सत्तागठबन्धनभित्र मुख्यमन्त्री आलोपालो गर्ने सहमतिबारे चर्चा भइरहेकै वेला बजेटप्रति सत्तापक्षकै सांसदहरूले असन्तुष्टि जनाएपछि प्रदेश सभा बैठक प्रभावित बनेको हो। ९ असारका लागि बोलाइएको प्रदेश सभा बैठक सत्तारूढ दलकै सांसदहरूको विरोधपछि नियमित कार्यसूचीमा प्रवेश गर्न सकेन। त्यसयता बैठक सञ्चालनका लागि सत्तासाझेदार दलहरूबिच निरन्तर छलफल भए पनि ठोस सहमति जुट्न सकेको छैन।

एमाले प्रमुख सचेतक यमुना रोकाका अनुसार सोमबार संसदीय दलको बैठक तथा मंगलबार संसदीय बोर्डको बैठक बसेर प्रदेश सभा अवरोध र त्यसको निकासबारे छलफल गरिएको छ। उनका अनुसार पार्टीभित्र केही सांसदहरूले संसदीय दलको बैठक माग गर्दै हस्ताक्षर अभियान चलाएका थिए। जसका आधारमा बैठक बोलाइएको हो। '१२ जनाको हस्ताक्षर भएको रहेछ, उहाँहरूले दलको बैठकको विषय उठाउनुभएकाले सोमबार दलको बैठक बस्यो,' उनले भनिन्, 'समस्या हल गर्न छलफल गरेर निकास खोज्ने र २० गते प्रदेश सभाको बैठक बोलाउने गरी तयारी भइरहेको छ। उनले अन्य सत्तासाझेदार दलहरूसँग पनि आवश्यक समन्वय जारी रहेको बताइन्।

कांग्रेस प्रमुख सचेतक जमुना ढकालले पनि २० असारसम्ममा सहमति जुटाएर प्रदेश सभा बैठक सञ्चालन गर्ने प्रयास भइरहेको बताइन्। कांग्रेसभित्र कुनै आन्तरिक विवाद नरहेको दाबी गर्दै उनले गठबन्धनका वेला भएको सहमतिअनुसार मुख्यमन्त्री परिवर्तनको विषय भने यथावत् रहेको स्पष्ट पारिन्। कांग्रेस प्रमुख सचेतक ढकालले मुख्यमन्त्री परिवर्तनको सवाल पूर्वसहमतिअनुसार हुनुपर्छ भन्ने कांग्रेसको अडान यथावत् रहेको बताइन्। उनले यस विषयमा कांग्रेसको केन्द्रीय नेतृत्वसँग पनि कुरा भएकाले बजेट पास भएपछि निकास निस्कने अपेक्षा गरिएको धारणा राखिन्। लुम्बिनीमा कांग्रेस-एमाले गठबन्धनको सरकार गठन हुँदा मुख्यमन्त्री आलोपालो गर्ने सहमति भएको थियो। सहमतिअनुसार वैशाखअगाडि नै मुख्यमन्त्री परिवर्तन हुनुपर्नेमा सहमति जुट्न नसकेको बताइन्छ।

लुम्बिनीमा कांग्रेस-एमाले गठबन्धन सरकार गठन हुँदा मुख्यमन्त्री आलोपालो गर्ने सहमति भएको बताइँदै आएको छ। कांग्रेसले सोही सहमतिअनुसार नेतृत्व हस्तान्तरण हुनुपर्ने अडान दोहोऱ्याइरहेको छ। यद्यपि, यसबारे गठबन्धनबाट औपचारिक निर्णय सार्वजनिक भएको छैन। बजेटमा असन्तुष्टि जनाउने सत्तापक्षकै सांसदहरूले विशेषगरी भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतका योजनामा असमान वितरण भएको आरोप लगाएका छन्। कांग्रेस सांसद भुवनेश्वर चौधरीले आफूहरूको अडान कायमै रहेको बताउँदै दलका नेता, मन्त्री र मुख्यमन्त्रीसँग छलफल भइरहे पनि समस्या समाधानका लागि कानुनी आधारसहितको स्पष्ट व्यवस्था आवश्यक रहेको बताए। बजेट विवाद समाधान र मुख्यमन्त्री परिवर्तनसम्बन्धी गठबन्धनको आन्तरिक सहमतिले आगामी २० असारको प्रदेश सभा बैठक र लुम्बिनी प्रदेशको राजनीतिक दिशा दुवैलाई प्रभावित पार्ने देखिएको छ।


सुदूरपश्चिममा गठबन्धनमै खटपटपछि बजेटमाथिको छलफल अनिश्चित

सुदूरपश्चिम सरकारले आगामी आर्थिक वर्ष ०८३/८४ का लागि ल्याएको बजेटमाथि प्रदेश सभामा अझै छलफल सुरु हुन सकेको छैन। बजेटलाई लिएर गठबन्धनमै खटपट देखिएपछि छलफल अनिश्चित बनेको हो। बजेट सार्वजनिक भएपछि सत्तारूढ एमाले संसदीय दलले बजेटमा संशोधन प्रस्ताव दर्ता गर्ने निर्णय गरेको छ। एमाले सुदूरपश्चिम प्रदेश समितिको बैठकले पनि बजेटमा कांग्रेसले एकलौटी गरेको आरोप लगाउँदै बजेट संशोधन नभए सरकारबाट बाहिरिने निर्णय गरिसकेको छ। बजेटमा सत्तारूढ दलकै चर्को असन्तुष्टिले यहाँ गठबन्धनको भविष्य नै संकटमा देखिन्छ। बजेट विवादका कारण सुदूरपश्चिममा एमाले र नेकपाबिच वाम गठबन्धन निर्माणको चर्चासमेत छ। यही अवस्थामा बजेट पारित हुँदैन। सत्तारूढ दलले नै संशोधन दर्ता गराउनु भनेको सरकार फेरिन सक्छ भन्ने पनि हो,' एमालेका एक सांसदले भने, 'नेकपासँग सहकार्य गरेर जानेबारे अनौपचारिक कुराकानी भइरहेकै छन्, तर निर्णय गरेर जाने अवस्थामा पुगिसकेका छैनौं।'

नेकपा संसदीय दलको उपनेता प्रकाश रावलले गठबन्धन फेरबदलको कुरा केन्द्रमा हुने सहमतिमा निर्भर रहने बताए। 'केन्द्रमा शीर्ष नेतृत्व तहमा सहकार्य गरेर जाने सहमति भए तल समस्या हुँदैन। यहाँ बाहिर गठबन्धन फेरबदलको धेरै हल्ला चले पनि एमालेसँग यसबारे धेरै छलफल भएको छैन,' उनले भने। सत्तापक्षबाटै विरोध हुने भएपछि सरकारले सदनमा बजेटमाथिको छलफल सुरु गरेको छैन। प्रदेश सभामा बजेटमाथिको छलफलको मिति तय भएको छैन। असार मसान्तभित्र प्रदेश सरकारको बजेट प्रदेश सभाबाट पारित भइसक्नुपर्ने संवैधानिक व्यवस्था छ।

प्रदेश सभाका सचिव देवबहादुर बोगटीले प्रदेश सभा बैठकको समय निश्चित नभएको बताए। 'सदन कहिले बस्ने भन्ने निश्चित छैन। सरकारले बजेटका लागि सदन चलाइदिनुपऱ्यो भनेको छैन,' सचिव बोगटीले भने, 'सरकारले नचाहेर बजेटमा छलफल अगाडि बढ्ने कुरा पनि भएन।' उनले सदनमा बजेट प्रस्तुत भए पनि टेबुल अझै नभएको जानकारी दिए।

कांग्रेस र एमालेबिच बजेट भागबन्डाको रस्साकस्सीबिच आर्थिक मामिलामन्त्री विक्रमसिंह धामीले गत १ असारको मध्यरात्रि प्रदेश सभामा बजेट सार्वजनिक गरेका थिए। सरकारले बजेट सार्वजनिक भएपछि मात्र विनियोजन विधेयक र अर्थ विधेयक प्रदेश सभामा दर्ता गरेको थियो। बजेटपछि सदन बस्न नसकेकाले बजेट सभामा टेबुल नभएको सचिव बोगटीले बताए। बजेट प्रस्तुतअघि नै यी विधेयक दर्ता गर्ने चलन छ। सरकार आफैंले जारी गरेको योजना छनोटसम्बन्धी मापदण्ड बजेट निर्माणका क्रममा पालना नभएको, चालू, पुँजीगत तथा मन्त्रालयगत बजेट नछुट्याएर अपूरो बजेट ल्याएको भन्दै एमाले संसदीय दलले संशोधन प्रस्ताव दर्ता गर्ने निर्णय गरेको छ। एमाले संसदीय दलकी उपनेता सन्तोषकुमारी थापा शर्माले प्रदेश सभामा बजेट टेबुल भएपछि एमालेले संशोधन प्रस्ताव दर्ता गर्ने बताइन्।



जनसेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Janasewa Saving & Credit Cooperative Ltd.
Diktel Rupakot Majhuwagadhi Municipality-12 Jalapa, Khotang

गोप्य शिलबन्दी बोलपत्रमार्फत् धितो लिलाम बिक्रि सम्बन्धी ७ (सात) दिने सूचना

प्रकाशित मिति : २०८३/३/१७

यस कार्यालयबाट ऋण लिने ऋणि सदस्य दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका १२, जालपा, खोटाङ बस्ने नरभक्त राईले लिएको कर्जाको भुक्तानी म्याद समाप्त भई कर्जा चुक्ता गर्न पटक-पटक ताकेता गर्दा समेत सम्पर्कमा नआएकोले ऋणीले सुरक्षणबापत् कार्यालयलाई लेखिदिएको तपशिलमा उल्लेखित चल-अचल सम्पति यथावत् अवस्थामा गोप्य शिलबन्दी बोलपत्रमार्फत् बिक्रि गरि ऋण असुली गरिने हुँदा उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति वा फर्मबाट आफूले कबोल गर्ने रकम उल्लेख गरि यो सूचना प्रकाशित मितिले ७ (सात) दिन भित्र तपशिलको शर्तनामा पालना गरी गोप्य सिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्न आह्वान गरिएको छ।

शर्तहरू

१ बोलपत्र फारम संस्थाको कार्यालय तथा कर्जा असुलि विभागबाट प्राप्त गर्न सकिनेछ। बोलपत्र पेश गर्दा खाम बाहिर **"सम्बन्धित जग्गा खरिद गर्ने बारेको गोप्य शिलबन्दी बोलपत्र"** भनि उल्लेख गर्नुपर्नेछ।

२ बोलपत्र पेश गर्ने मिति समाप्त भएको भोलिपल्ट वा बिदाको दिन परे कार्यालय खुलेको पहिलो दिनको ११ बजे कार्यालयमा सम्बन्धित सरोकारवाला प्रतिनिधिहरूको रोहवरमा बोलपत्र खोलिनेछ।

३ बोलपत्रको साथमा कबोल गरिएको रकमको १० प्रतिशत रकम धरौटीबापत् यस कार्यालयमा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।

४ बोलपत्र स्वीकृत भए सोको जानकारी पत्रमार्फत् दिईनेछ र सूचना दिइएको मितिले ३५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्तिको स्वामित्व नामसारी गरी लिनुपर्नेछ र म्यादभित्र बाँकी रकम नबुझाए धरौटी रकम स्वतः जफत हुनेछ।

५ बोलपत्र स्वीकृत भएपछि हक हस्तान्तरण गर्दा नियमानुसार लाग्ने सबै राजश्व तथा दस्तुर खरिद गरिलिने व्यक्ति वा फर्मले व्यहोर्नुपर्नेछ।

६ व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्म वा कम्पनीको हकमा फर्म/कम्पनि दर्ता/नविकरण प्रमाणपत्र तथा कर दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ। बोलपत्रमा मागिएका विवरणहरू स्पष्ट रुपमा (केरमेट नगरी) लेख्नुपर्नेछ, अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

ऋणी जग्गाधनी, जमानीकर्ता र धितो सुरक्षणको विवरण

ऋणीको विवरण	कित्ता नं.	धितो सुरक्षणको विवरण
ऋणी : नरभक्त राई जमानीकर्ता : विष्णु कुमारी राई	६३४ ५५९	(हुर्लुङ जालपा सडकले छोएको सावित जालपा-२ मा रहेको ०-६-०-० क्षेत्रफलको घडेरी जग्गा। (सडकले छोएको सावित जालपा-५ रहेको ४-१४-२-२ क्षेत्रफलको आवादी जग्गा।

रोजगारीको सुनौलो अवसर

के तपाईं सँग सुन परीक्षण गर्ने अनुभव छ ?

यदि छ भने, नेपालकै अग्रणी बैंक - **नबिल बैंक लिमिटेड**ले योग्य, अनुभवी र दक्ष नेपाली नागरिकहरूबाट **सुन परीक्षणकर्ता - करार (Gold Tester - Contract)** पदका लागि दरखास्त आव्हान गर्दछ।

शाखाहरू:-
१ **नारायणगढ मिलनरोड** शाखा
२ **घोराही** शाखा
३ अन्य सुन कर्जा कारोबार गर्ने शाखाहरु (आवश्यकता अनुसार)

इच्छुक तथा योग्य उम्मेदवारहरूले आफ्नो विस्तृत बायोडाटा र आवश्यक कागजातहरू सहित www.nabilbank.com/career मा गई अनलाइन माध्यमबाट आफ्नो आवेदन दिन सक्नुहुनेछ।

शर्तहरू:-
- आवेदन दिने अन्तिम मिति २०८३ साल आषाढ २५ गते।
- उम्मेदवारको सुनसँग सम्बन्धित कार्यमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्नेछ।
- दरखास्त दिने मितिसम्म उम्मेदवारको उमेर कम्तीमा २५ वर्ष पुगि सकेको हुनुपर्नेछ।
- प्राप्त दरखास्तहरू मध्ये प्रारम्भिक छनोटमा परेका उम्मेदवारहरूलाई मात्र आगामी चरणका लागि सम्पर्क गरिनेछ।
- बैंकले कुनै वा सबै दरखास्तहरू अस्वीकार गर्न सक्ने अधिकार सुरक्षित राख्दछ।
- छनोट प्रक्रियाको कुनै पनि चरणमा सिफारिस, दबाव वा अनुचित प्रभाव गर्ने उम्मेदवार स्वतः अयोग्य ठहरिनेछन्।

NABIL BANK®
मानव संसाधन विभाग, घण्टाघर, काठमाडौं फोन नं. ०१-५९७१८७१

कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०३/१८ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय गाईघाट, उदयपुरबाट निम्न बमोजिम कर्जा लिने ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई वेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखित बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी, संचालक, प्रोप्राइटर, जमानीकर्ता समेत लाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोवाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिवाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

क्र.स	ऋणीको नाम, ठेगाना
१.	**नाम : प्रेम बहादुर कटुवाल** ना.प्र.प.न. १७७३/४३९९३, जि.प्र.का. उदयपुर,जारी मिति : २०५६/०९/२६ बाबुको नाम : बासुदेव कटुवाल क्षेत्री,बाजेको नाम : जय बहादुर कटुवाल ठेगाना : त्रियुगा नगरपालिका वडा न.११, उदयपुर,हाल : त्रियुगा नगरपालिका वडा न.६, उदयपुर
	व्यक्तिगत जमानीकर्ताको बिबरण
	१.नाम : चित्रमाया कटवाल ना.प्र.प.न. २७९३१/३२२, जि.प्र.का. उदयपुर जारी मिति : २०५१/११/१६ पतिको नाम : बासुदेव कटुवाल क्षेत्री ससुराको नाम : जय बहादुर कटुवाल ठेगाना : बाराहा गा.वि.स.वडा न.३, उदयपुर हाल : त्रियुगा नगरपालिका वडा न.६, उदयपुर **२. नाम : दुर्गा कुमारी कटुवाल** ना.प्र.प.न. ७७६८८, जि.प्र.का. उदयपुर जारी मिति : २०६२/११/०८ पतिको नाम : प्रेम बहादर कटुवाल ससुराको नाम : बासुदेव कटुवाल क्षेत्री ठेगाना : त्रियुगा नगरपालिका वडा न.११, उदयपुर हाल : त्रियुगा नगरपालिका वडा न.६, उदयपुर
	३.नाम : बासुदेव कटुवाल क्षेत्री ना.प्र.प.न. १७, जि.प्र.का. उदयपर, जारी मिति २०२८/०६/२५ बाबुको नाम : जय बहादुर कटुवाल,बाजेको नाम : विर बहादुर कटुवाल ठेगाना : जाँते गा.वि.स.वडा न.३, उदयपुर,हाल : त्रियुगा नगरपालिका वडा न.६, उदयपुर
	धितोमा रहेको सम्पतिको विवरण
	प्रेम बहादुर कटुवालको नाममा मालपोत कार्यालय उदयपुरमा दता श्रेष्ता कायम रहेको उदयपुर जिल्ला, देउरी २/२क स्थित कित्ता नं. २६१७, २६१५, २६१९ को क्षेत्रफल क्रमश : ०-०-५, ०-०-५.२५, ०-०-४ (वि-क-धु) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत तथा बसुदेव कटुवाल क्षेत्रीको नाममा मालपोत कार्यालय उदयपुरमा दर्ता श्रेष्ता कायम रहेको उदयपुर जिल्ला, देउरी २/२क स्थित कित्ता नं. १५३५, २४८२ को क्षेत्रफल क्रमश: ०-३-० ०-३-० (वि-क-धु) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालय: गाईघाट, उदयपुर फोन नं. ०३५-४२२८८९, ४२२८९०
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

सदनमा उठेका विषयमा जवाफ दिन सरकारलाई रुलिङ

काठमाडौं/ राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहालले सदनमा उठेका विषयमा जवाफ दिन सरकारलाई रुलिङ गरेका छन्। राष्ट्रिय सभाको बुधबारको बैठकमा दाहालले सांसदले उठाएका जिज्ञासाको सम्बोधन गर्न मन्त्रीहरूलाई निर्देशन दिएका हुन्। बुधबारको बैठकको शून्य समयपछि अध्यक्ष दाहालले भने, 'राष्ट्रिय सभाको बैठकमा माननीय सदस्यहरूले आकस्मिक समय, शून्य समय, विशेष समय र प्रादेशिक सरोकारका समयमा उठाएका विषयको जवाफ सभामा दिन नेपाल सरकारका सम्बन्धित सबै माननीय मन्त्रीहरूलाई निर्देशन गर्दछु।' बैठकमा विनियोजन विधेयकको मन्त्रालयगत शीर्षकमाथिको छलफलमा उठेका जिज्ञासाको जवाफ दिन मन्त्रीहरू उपस्थित थिए।

त्रिवि सेवा आयोगको अध्यक्षमा थापा नियुक्त



काठमाडौं/ त्रिभुवन विश्वविद्यालय सेवा आयोगको अध्यक्षमा पूर्वसचिव तथा पूर्वाधारविज्ञ किशोर थापालाई नियुक्त भएका छन्। त्रिवि कुलपतिसमेत रहेका प्रधानमन्त्री बालेन्द्र शाहले थापालाई बुधबार सेवा आयोगको अध्यक्ष नियुक्त गरेका हुन्।

सरकारको अध्यादेशका कारण त्रिवि सेवा आयोगका अध्यक्षसहितका पदाधिकारी पदमुक्त भएका थिए। रिक्त पदमा थापालाई नियुक्त गरिएको हो। थापा पूर्वाधार, सहरी विकास र सार्वजनिक प्रशासनका क्षेत्रमा अनुभवी मानिन्छन्। उनी विगतमा विवेकशील साझा पार्टीसँग आबद्ध थिए। ०७४ को स्थानीय तह निर्वाचनमा काठमाडौं महानगरपालिकाको मेयर पदमा उम्मेदवार दिएका थिए। आर्किटेक्ट इन्जिनियर थापाले सहरी विकास, शिक्षा तथा पर्यटन मन्त्रालयमा सचिवको जिम्मेवारीमा रहेर काम गरेका थिए। उनले सहरी योजनामा स्नातकोत्तर अध्ययन गरेका छन् भने आवास नीति तथा सहरी व्यवस्थापनका विषयमा पनि उनी विज्ञ मानिन्छन्। सरकारी सेवाबाट अवकाश पाएपछि उनी बागमती सरसफाइ अभियानमा समेत सहभागी हुँदै आएका थिए। आयोगको सदस्यमा प्रा. रेजिना मास्केलाई नियुक्त गरिएको छ। यसअघि आयोगको अध्यक्ष र सदस्यमा त्रिवि प्राध्यापकमध्येबाटै गर्ने प्रचलन रहेपछि यसपटक भने त्रिवि प्राध्यापकबाहिरका व्यक्तिलाई नियुक्ति गरिएको हो।

बेइजिङमा आजदेखि 'नेपाल लगानी सम्मेलन'

काठमाडौं/ चीनका लागि नेपाली दूतावासले बिहीबार र शुक्रबार चीनको राजधानी बेइजिङमा नेपाल लगानी सम्मेलन गर्दै छ। सम्मेलनमा सहभागी हुन नेपालका विभिन्न क्षेत्रका ३० भन्दा बढी नेपाली लगानीकर्ता बेइजिङ पुगेका छन्। चीनबाट नेपालमा लगानी आह्वान गर्न यति ठुलो नेपाली प्रतिनिधिमण्डल स्वस्फूर्त रूपमा बेइजिङमा पहिलोपटक उपस्थित भएको हो।

नेपाली दूतावासका आर्थिक कूटनीतिक प्रमुख पार्वती अर्यालले संयोजन र समन्वय गरेको लगानी सम्मेलनमा चीनबाट पहिलो दिन ८० कम्पनीका लगानीकर्ता सहभागी हुनेछन्। सम्मेलनको सहआयोजक 'अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धनका लागि चीन परिषद्' रहेको अर्याललले जानकारी दिइन्। चीनमा अन्तर्राष्ट्रिय व्यापार र आर्थिक सहयोगलाई प्रवर्द्धन गर्ने सरकारको यो एक प्रमुख संस्था हो। 'पहिलो दिन चीनबाट करिब ८० कम्पनीका लगानीकर्ता कार्यक्रममा सहभागी हुने जानकारी अएको छ। कार्यक्रम अवधिभर चीनका तर्फबाट अन्तर्राष्ट्रिय वाणिज्य महासंघ, द्विपक्षीय सहयोग विभागका महानिर्देशक सु छ्याङले प्रतिनिधित्व गर्नुहुनेछ,' अर्याललेभनिन्। सम्मेलनको दोस्रो दिन शुक्रबार नेपाली दूतावासले 'चीन संयुक्त-स्टक व्यावसायिक उद्यम आर्थिक महासंघको प्लाटफर्म अर्थतन्त्र विशेष समिति'को सहआयोजनामा कार्यक्रम गर्दै छ।

अर्यालका अनुसार सम्मेलनमा चीन र नेपालका करिब दुई सय लगानीकर्ताको उपस्थिति रहनेछ। 'नेपाली लगानीकर्तालाई बढीभन्दा बढी चिनियाँ लगानीकर्तासँग भेटघाट र सम्पर्क/सम्बन्ध विस्तार गराउन पहिलो र दोस्रो दिन चीनका फरक-फरक कम्पनीबाट उपस्थिति गराउँदै छौं,' आर्थिक कूटनीतिक मामिला प्रमुख अर्याललले भनिन्।

भ्रष्टाचारविरुद्ध सिंगापुरको अभियान र नेपालको सन्दर्भ

भ्रष्टाचारविरुद्धको अभियान सफल हुन यससम्बन्धी उत्तरदायित्व तलतिर मात्र होइन, माथि नेतृत्वतिर पनि लागू हुनुपर्छ



● बिनोज बस्न्यात

अग्रलेख

नेपालमा भ्रष्टाचारलाई प्रायः नैतिक ह्रास, सदाचारको अभाव, भ्रष्टीकरण, कानुनी उल्लंघन वा राजनीतिक नाराका रूपमा चर्चा गरिन्छ। तर, यसको वास्तविक प्रभाव यतिमा मात्रमा सीमित छैन। भ्रष्टाचार मूलतः एक रणनीतिक चुनौती हो, जसले नेपालको राज्य क्षमता कमजोर बनाएको, जनविश्वास क्षय गरेको, लगानी निरुत्साहित गरेको, विकासका प्राथमिकता विकृत बनाएको तथा राष्ट्रिय प्रतिस्पर्धात्मकतालाई कमजोर पारेको छ।

दशकौँदेखि नेपालले भ्रष्टाचार नियन्त्रण गर्ने प्रतिबद्धता दोहोर्‍याउँदै आएको छ। तर, वास्तविकता के छ भने भ्रष्टाचार छिटपुट घटनाबाट संस्थागत संरचनामा रूपान्तरण हुँदै गएको छ। अनेकौँ अनुसन्धान भए, आयोग बने, कानुन संशोधन भए, जनचेतनामूलक अभियान सञ्चालन भए, राजनीतिक प्रतिबद्धता आए। तैपनि, भ्रष्टाचार जहाँको त्यहीँ रह्यो। ठुल्ठुला घोटाला सार्वजनिक भइरहे। यसका लागि सिंगापुरको अनुभव यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन सक्छ। सन् १९५९ मा स्वशासन प्राप्त गर्दा र सन् १९६५ मा स्वतन्त्र हुँदा सिंगापुरले आज नेपालले भोगिरहेका धेरैजसो प्रशासनिक चुनौतीको सामना गरिरहेको थियो। भन्सार कार्यालय, कानुन कार्यान्वयन निकाय, इजाजतपत्र दिने संस्था तथा सार्वजनिक प्रशासनका विभिन्न तहमा भ्रष्टाचार व्यापक थियो। अनौपचारिक भुक्तानी, पहुँचका आधारमा हुने निर्णय र प्रशासनिक अक्षमता शासन प्रणालीका सामान्य विशेषता थिए।

त्यसपछि भएको सिंगापुरको परिवर्तन नेपालका लागि अत्यन्त महत्त्वपूर्ण पाठ हो। कारण सिंगापुर र नेपाल पूर्णतः समान देश होइनन्। तर, सिंगापुरले एउटा कुरा प्रमाणित गर्‍यो-भ्रष्टाचार कुनै संस्कृतिगत नियति होइन। यो शासन प्रणालीको समस्या हो, जसलाई सही संस्थागत संरचना, दृढ राजनीतिक नेतृत्व र दीर्घकालीन सुधारमार्फत नियन्त्रण गर्न सकिन्छ। सिंगापुरको सफलताको मूल कारणमध्ये एक थियो- त्यहाँका नेताले भ्रष्टाचारलाई केवल नैतिक समस्याका रूपमा भन्दा पनि राष्ट्रिय अस्तित्वकै खतराका रूपमा बुझे। सिंगापुर सानो भूभाग, सीमित प्राकृतिक स्रोत, न्यून रणनीतिक गहिराइ र अनिश्चित आर्थिक सम्भावनासहित उदाएको राष्ट्र थियो। त्यसका नेताले छिट्टै बुझिसकेका थिए कि लगानी आकर्षित गर्न, रोजगारी सिर्जना गर्न र अन्तर्राष्ट्रिय विश्वसनीयता निर्माण गर्न भरोसायोग्य संस्था आवश्यक पर्छन्।

संस्थापक प्रधानमन्त्री ली क्वान यूले बारम्बार जोड दिएका थिए कि भ्रष्ट सरकारका आधारमा प्रतिस्पर्धी अर्थतन्त्र निर्माण गर्न सकिँदैन। जहाँ सम्झौता घुसका आधारमा प्राप्त हुन्छन्, नियम असमान रूपमा लागू हुन्छन् र प्रशासनिक निर्णय पैसाले किन्न सकिन्छ, त्यस्तो वातावरणमा लगानीकर्ता आकर्षित हुँदैनन्। त्यसैले सिंगापुरका लागि भ्रष्टाचारविरुद्धको अभियान राष्ट्रिय विकास रणनीतिको अभिन्न हिस्सा बन्यो।

भ्रष्टाचारलाई केवल आपराधिक न्यायका दृष्टिबाट हेर्नु पर्याप्त छैन। यो आर्थिक, विकासात्मक र रणनीतिक प्रश्न पनि हो। हरेक खरिद सम्झौताले शिक्षा, स्वास्थ्य, पूर्वाधार तथा सामाजिक सुरक्षाका लागि उपलब्ध स्रोत घटाउँछ। हरेक राजनीतिक प्रभावमा आधारित नियुक्तिले संस्थागत दक्षता कमजोर बनाउँछ। हरेक भाडाखोरी गतिविधिले व्यवसाय सञ्चालनको लागत बढाउँछ र उत्पादनशील लगानीलाई निरुत्साहित गर्छ।

विश्वका धेरै देशसँग भ्रष्टाचारविरुद्धका कानुन छन्। धेरैसँग अनुसन्धान आयोग र निगरानी निकाय छन्। तर, भ्रष्टाचार कायमै छ, किनभने राजनीतिक नेतृत्वसँग उत्तरदायित्व सुनिश्चित गर्ने इच्छाशक्तिको अभाव छ। सिंगापुरको नेतृत्वले विश्वसनीयता माथिबाट सुरु हुन्छ भन्ने कुरा बुझ्यो। त्यहाँ सरकारले स्पष्ट सन्देश दियो कि पद, राजनीतिक प्रभाव वा व्यक्तिगत सम्बन्धले कसैलाई उन्मुक्ति प्रदान गर्दैन। प्रमाणका आधारमा मन्त्रीहरू, वरिष्ठ कर्मचारी र राजनीतिक रूपमा प्रभावशाली व्यक्तिमाथि पनि अनुसन्धान गरियो। यसले नागरिकमा भ्रष्टाचारविरुद्धको अभियान वास्तविक हो, चयनात्मक होइन भन्ने विश्वास निर्माण गर्‍यो। नेपालसहित धेरै लोकतन्त्रका लागि यो नै सबैभन्दा ठुलो चुनौती हो। जब भ्रष्टाचारविरुद्धका अभियान राजनीतिक प्रतिशोधजस्ता देखिन्छन्, जनविश्वास कमजोर हुन्छ, विपक्षीमाथि मात्र अनुसन्धान र आफ्ना पक्षधरप्रति मौनता कायम गर्दा चयनात्मक न्यायको धारणा विकसित हुन्छ, यसले संस्थाहरूलाई कमजोर बनाउँछ र नागरिकमा निराशा बढाउँछ।

पाठ स्पष्ट छ- भ्रष्टाचारविरुद्धको अभियान सफल हुन उत्तरदायित्व तलतिर मात्र होइन, माथितिर पनि लागू हुनुपर्छ। जब नागरिकले शक्तिशाली व्यक्तिलाई पनि दण्डित भएको देख्छन्, संस्थाप्रतिको विश्वास बढ्छ। जब दण्ड केवल निम्न तहका कर्मचारीमा सीमित हुन्छ, विश्वास घट्छ।

राजनीतिक प्रतिबद्धता कार्यान्वयन गर्न सक्षम संस्था आवश्यक पर्छन्। सिंगापुरको सफलतामा 'करप्ट प्राक्टिसेस इन्भेस्टिगेसन ब्युरो (सिपिआइबी)'को महत्त्वपूर्ण भूमिका थियो। यसलाई सरकारका सबै तहमा भ्रष्टाचार अनुसन्धान गर्ने अधिकार दिइएको थियो। सिपिआइबीका मुख्य विशेषता ६ वटा थिए- सञ्चालनगत स्वतन्त्रता, व्यावसायिक अनुसन्धान क्षमता, पर्याप्त स्रोतसाधन, बलियो कानुनी अधिकार, वरिष्ठ अधिकारीमाथि अनुसन्धान गर्ने क्षमता तथा राजनीतिक हस्तक्षेपबाट मुक्ति। यस संस्थाको विश्वसनीयताले शक्तिशाली निवारक प्रभाव सिर्जना गर्‍यो। सार्वजनिक अधिकारीले बुझ्न थाले कि भ्रष्टाचार गर्दा पक्राउ पर्ने र कारबाही हुने वास्तविक सम्भावना छ।

नेपालसँग पनि यस्तै उद्देश्यका लागि संवैधानिक रूपमा स्थापित निकाय छन्- अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग। तर, चुनौती संस्थाको अस्तित्वभन्दा पनि यिनको कार्यक्षमतामा छ। भ्रष्टाचार नियन्त्रण गर्ने संस्थाको प्रभावकारिता पाँच प्रमुख आधारमा निर्भर हुन्छ- व्यावसायिक अनुसन्धानकर्ता, पर्याप्त वित्तीय तथा प्राविधिक स्रोत, स्वतन्त्र नेतृत्व, प्रभावकारी न्यायिक प्रक्रिया र जनविश्वास। यी तत्वविना संस्थाहरू कागजमा मात्र रहन्छन्, व्यवहारमा प्रभावहीन बन्छन्।



सिंगापुरको सबैभन्दा विवादास्पद सुधारमध्ये एक सार्वजनिक क्षेत्रको पारिश्रमिकसँग सम्बन्धित थियो। सरकारले निष्कर्ष निकालेको थियो कि भ्रष्टाचारलाई केवल दण्डको माध्यमबाट नियन्त्रण गर्न सकिन्नथ्यो। सार्वजनिक अधिकारीलाई इमानदार रहन प्रेरित गर्ने वातावरण पनि आवश्यक छ। यसका लागि सिंगापुरले क्रमशः सार्वजनिक क्षेत्रका तलब निजी क्षेत्रसँग प्रतिस्पर्धात्मक बनायो। वरिष्ठ निजामती कर्मचारी, न्यायाधीश तथा मन्त्रीलाई योग्य प्रतिभा आकर्षित गर्ने र अवैध आयको प्रलोभन घटाउने गरी पारिश्रमिक दिइयो। यसलाई कतिपयले राजनीतिज्ञलाई पुरस्कृत गर्ने कदमका रूपमा आलोचना गरे। तर, सिंगापुरले यसलाई समग्र निष्ठा प्रणालीका रूपमा हेरेको थियो।

नेपालको आर्थिक अवस्था सिंगापुरभन्दा फरक छ। त्यसैले, त्यहाँको तलब संरचना यहाँ जस्ताको त्यस्तै लागू गर्न सम्भव छैन। तर, आधारभूत सिद्धान्त भने सान्दर्भिक छ। निजामती सेवा सुधारलाई योग्यतामा आधारित भर्ती, कार्यसम्पादनमा आधारित पदोन्नति, व्यावसायिक विकास, करिअर सुरक्षा, प्रतिस्पर्धात्मक पारिश्रमिक तथा इमानदारीको सम्मानसँग जोड्नुपर्छ। दण्डमा मात्र आधारित भ्रष्टाचार नियन्त्रण रणनीतिले प्रोत्साहनको महत्त्वलाई बेवास्ता गर्छ। सिंगापुरको अर्को महत्त्वपूर्ण सुधार भ्रष्टाचार भएपछि मात्र कारबाही गर्नु होइन, भ्रष्टाचार हुने अवसर नै घटाउनु थियो। नीति-निर्माताहरूले प्रशासनिक प्रणाली पुनः डिजाइन गर्दै अनावश्यक विवेकाधीन अधिकार र प्रशासनिक जटिलता कम गरे। इजाजत प्रक्रिया सरल बनाइयो। नियामक स्वीकृति छरितो बनाइयो। सरकारी सेवाहरू डिजिटल बनाइयो। कागजी प्रक्रिया घटाइयो। प्रशासनिक कार्यविधि मानकीकरण गरियो।

> जब भ्रष्टाचारविरुद्धका अभियान राजनीतिक प्रतिशोधजस्ता देखिन्छन्, जनविश्वास कमजोर हुन्छ, विपक्षीमाथि मात्र अनुसन्धान र आफ्ना पक्षधरप्रति मौनता कायम गर्दा चयनात्मक न्यायको धारणा विकसित हुन्छ, यसले संस्थाहरूलाई कमजोर बनाउँछ र नागरिकमा निराशा बढाउँछ

परिणाम स्पष्ट थियो- जति कम विवेकाधीन निर्णय, उति कम घुसको अवसर। यो पाठ नेपालका लागि विशेष महत्त्वको छ। नेपालमा धेरै प्रकारका भ्रष्टाचार व्यक्तिको चरित्रगत कमजोरीभन्दा पनि प्रणालीगत कमजोरीका कारण उत्पन्न हुन्छन्। जटिल प्रक्रिया, अस्पष्ट नियम, स्वीकृतिका धेरै तह र विवेकाधीन निर्णयले अनौपचारिक भुक्तानीको वातावरण सिर्जना गर्छन्। प्रत्येक अनावश्यक प्रशासनिक चरण सम्भावित भ्रष्टाचारको बिन्दु हो। त्यसैले, डिजिटल शासन नेपालका लागि सबैभन्दा आशाजनक सुधार क्षेत्रमध्ये एक हो।

भूमि प्रशासन, भन्सार, कर संकलन, सार्वजनिक खरिद, व्यवसाय दर्ता, स्थानीय सरकारी सेवा तथा निर्माण अनुमतिजस्ता क्षेत्रमा डिजिटल रूपान्तरणलाई प्राथमिकता दिनुपर्छ। प्रविधिले भ्रष्टाचार पूर्ण रूपमा अन्त्य गर्न सक्दैन। तर, यसले प्रत्यक्ष हेरफेर र अनौपचारिक कारोबारका अवसर उल्लेखनीय रूपमा घटाउन सक्छ। विकासशील देशमा सार्वजनिक खरिद भ्रष्टाचारको सबैभन्दा ठुलो जोखिम क्षेत्रमध्ये एक हो। पूर्वाधार परियोजना, निर्माण ठेक्का, उपकरण खरिद तथा सेवा सम्झौतामा ठुलो वित्तीय स्रोत र जटिल निर्णय प्रक्रिया संलग्न हुन्छन्। सिंगापुरले पारदर्शिता, व्यावसायिक निगरानी तथा कडा उत्तरदायित्वमार्फत यी जोखिम नियन्त्रण गर्‍यो। नेपालले पनि निम्न उपाय अवलम्बन गर्न सक्छ- पूर्ण डिजिटल टेन्डर प्रणाली। खुला सम्झौता डाटाबेस। स्वतन्त्र खरिद अनुगमन। वास्तविक समयमा सार्वजनिक सूचना खुलासा। सुदृढ लेखापरीक्षण संयन्त्र। संसदीय निगरानीको सशक्तीकरण।

प्रभावकारी न्याय प्रणालीविना कुनै पनि भ्रष्टाचारविरोधी रणनीति सफल हुन सक्दैन। अनुसन्धानले मात्र उत्तरदायित्व सुनिश्चित गर्दैन। मुद्दाहरू छिटो, निष्पक्ष र पूर्वानुमेय ढंगले टुंगिनुपर्छ। सिंगापुरको न्यायपालिकाले व्यावसायिकता, दक्षता र स्वतन्त्रताको प्रतिष्ठा निर्माण गर्‍यो। यसले भ्रष्टाचारविरुद्धको अभियानलाई थप विश्वसनीय बनायो। नेपालका लागि न्यायिक सुधार सुशासन रूपान्तरणको महत्त्वपूर्ण आधार हो। लामो ढिलाइ, जटिल प्रक्रिया र असंगत निर्णयले दण्डहीनतालाई प्रोत्साहित गर्छन्। जब भ्रष्टाचारका मुद्दा वर्षौंसम्म टुंगिँदैनन्, नागरिकको विश्वास कमजोर हुन्छ।

भ्रष्टाचारविरोधी सुधारबारे सबैभन्दा गलत बुझिने पक्ष भनेको यसले निम्त्याउने प्रतिरोध हो। भ्रष्टाचार केवल व्यक्तिगत गैरकानुनी कार्यको संग्रह होइन। समयसँगै यसले राजनीतिक पात्र, कर्मचारीतन्त्र, व्यापारिक समूह र मध्यस्थकर्ताको पारस्परिक लाभमा आधारित सञ्जाल निर्माण गर्छ। सार्थक सुधारले यिनै सञ्जाललाई चुनौती दिन्छ। त्यसैले, सुधारकर्ताले विभिन्न प्रकारका प्रतिरोधको सामना गर्नुपर्छ- राजनीतिक अवरोध, प्रशासनिक जडता, कानुनी चुनौती, सूचना हेरफेर, संस्थागत अवमूल्यन, भ्रामक प्रचार अभियान।

नेपालले पनि सिंगापुरको सफलताका आधारभूत सिद्धान्त अवलम्बन गर्न सक्छ, राजनीतिक उत्तरदायित्व, संस्थागत स्वतन्त्रता, प्रशासनिक व्यावसायिकता, डिजिटल शासन, योग्यतामा आधारित प्रणाली, सार्वजनिक खरिद पारदर्शिता र न्यायिक दक्षता।

सिंगापुरको भ्रष्टाचारविरुद्धको सफलता कुनै चमत्कार थिएन। यो रणनीतिक नेतृत्व, संस्थागत सुधार, प्रशासनिक आधुनिकीकरण र दशकौँसम्म कायम राजनीतिक प्रतिबद्धताको परिणाम थियो। नेपालका लागि यसको मुख्य पाठ भ्रष्टाचार एकै रातमा समाप्त गर्न सकिन्छ भन्ने होइन। मुख्य पाठ के हो भने सरकारले भ्रष्टाचारका लक्षण मात्र होइन, त्यसका संरचनागत कारणलाई सम्बोधन गरेमा भ्रष्टाचारलाई व्यवस्थित रूपमा घटाउन सकिन्छ।

सिंगापुर सफल भयो, किनभने त्यहाँ इमानदारी लाभदायक बनाइयो, भ्रष्टाचार लुकाउन कठिन बनाइयो, संस्थालाई व्यावसायिक बनाइयो र उत्तरदायित्व सामान्य नागरिकदेखि शक्तिशाली व्यक्तिसम्म समान रूपमा लागू गरियो। नेपालको भावी समृद्धि, सुशासनको प्रभावकारिता र लोकतान्त्रिक विश्वसनीयता पनि यस्तै परिणाम हासिल गर्न सक्ने क्षमतामा निर्भर छ।

(नेपाली सेनाका अवकाशप्राप्त उपरथी बस्न्यात अन्तर्राष्ट्रिय सम्बन्ध, भूराजनीति तथा रणनीतिक विषयका ज्ञाता हुन्)

---

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **पूर्णचन्द्र भट्टराईलाई**



कर्मचारी सरुवा प्रणालीका सबै काम अनलाइनबाट मात्र गर्ने सरकारको तयारी कस्तो छ ?

सरुवा निजामती सेवाभित्रको नियमित प्रक्रिया हो। विगतमा वर्षमा एकपटक सामान्य प्रशासन मन्त्रालयले अन्तरमन्त्रालय सरुवा गर्ने र त्यसपछि सम्बन्धित मन्त्रालय र निकायले सरुवा गर्ने प्रणाली थियो। त्यसवेला पनि अनलाइनबाट आवेदन दिने र यसैका आधारमा सरुवा गर्ने प्रयास नगरिएको होइन। तर, राजनीतिक तथा उच्च प्रशासनिक प्रतिबद्धताको अभावमा अपेक्षित परिणाम देखिन सकेन। यसपटक सरुवा पूर्णतः अनलाइन प्रणालीमा लाने प्रयास सुधारका दृष्टिले महत्त्वपूर्ण छ।

यसबाट कर्मचारी सरुवामा हुने भनसुन र नेताहरूको ढोकाढोका चहार्ने परम्परामा कति र कसरी सुधार होला ?

सम्बन्धित सेवा समूहभित्रका विभिन्न निकायमा सरुवा हुनु स्वाभाविक प्रक्रिया हो। तर, राजनीतिक हस्तक्षेप, कर्मचारी स्वयंको स्वार्थ तथा दबाबले यसलाई विकृत बनाउँदै लगेको अवस्था हो। यसैकारण, सरुवालाई वर्षमा एकपटक 'क्यालेन्डर टाइम'मा मात्र गर्ने अभ्यास प्रारम्भ भएको थियो। तर, विगत केही वर्षदेखि निजामती सेवाको सञ्चालनमा तदर्थवाद हाबी हुँदा यो प्रणाली पनि निष्क्रिय भई बाह्रै महिना सरुवा हुने अवस्था भयो। यसैले अब क्रमशः मन्त्रालय क्याडरको विकास गर्ने, सकेसम्म मन्त्रालयभित्रै सरुवा व्यवस्थापन गर्नुपर्छ। साथै, आफ्नो व्यक्तिगत लाभका लागि अनुकूल ठाउँमा सरुवा मिलाउन 'लबिङ' गर्ने कर्मचारीलाई अभिलेखमा ल्याइनुपर्छ।

कर्मचारी सरुवा प्रणालीलाई अनुमानयोग्य बनाउन थप के गर्नुपर्ला ?

मूलतः सरुवा भौगोलिक क्षेत्रको अनुभवसँग जोडिनुपर्छ। सबै कर्मचारीले सबै स्थानमा उस्तै कार्यसम्पादन गर्न सक्छन् भन्ने सतही बुझाइबाट बाहिर निस्कनुपर्छ। कर्मचारीको योग्यता, कार्यअनुभव र संगठनको आवश्यकता महत्त्वपूर्ण कुरा हुन्। विगतमा पनि सरुवासम्बन्धी व्यवस्था खासै अस्पष्ट थिएनन्। निर्णयकर्ताबाट त्यस्ता कानुनी प्रावधान र त्यसले अंगीकार गरेको 'स्पिरिट'लाई आत्मसात् गर्न नसक्दा विकृति बढ्दै गएको हो। उच्च राजनीतिक प्रतिबद्धताले यसलाई लिकमा ल्याउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।

प्रेरक प्रसंग

बुहारीलाई सासूको गुरुमन्त्र

एकपटक बुहारी भान्सामा तरकारी पकाउँदै थिइन्। पाकिसकेपछि उनले सासूलाई तरकारी चाख्न दिइन्। तरकारी मुखमा राख्नासाथ झस्किँदै सासूले भनिन्- ओहो, नुन र खुर्सानी त अति हालिछ्यौ। यो त कसैले खान सक्दैन। बुहारीले आत्तिँदै भनिन्- के गर्ने त आमा, बाबा र हजुरका छोरालाई खाना खान ढिलो हुन लागिसक्यो। सासूले झटपट केही आलु उसिनिन् र त्यसैलाई तरकारीमा मिलाइदिइन्।



त्यति नै वेला बुहारीकी आमाले सम्धिनीलाई फोन गरिन्। दुवै सम्धिनी कुराकानी गर्न थाले। बुहारी सासूले आफ्नो कुरा आमालाई सुनाइदिने भइन् भनेर डराइन्। बुहारीकी आमाले सम्धिनीसित छोरीका बारेमा प्रश्न गरिन्। सासूले भनिन्- हजुरकी छोरीले निकै राम्रो गरिरहेकी छिन्। हजुरले उनलाई निकै राम्रो तालिम दिनुभएको रहेछ। एकैछिनमा दुवैका कुरा सकियो। बुहारीले सासूलाई सोधिन्- म त कुनै पनि काम सही ढंगले गरिरहेकी छैन। तैपनि, हजुरले किन आमासित मेराबारेमा त्यस्तो भन्नुभयो ? सासूले भनिन्- हेर बुहारी, काम भनेको त सिक्दै जाने हो। मैले तिमीलाई काम सिकाउन बाँकी नै छ। जब मैले काम सिकाइसक्छु, त्यतिखेर गल्ती गर्‍यौ भने म तिमीलाई हप्काउँछु पनि होला। किनकि, त्यतिखेर म तिम्रो गुरु हुनेछु। तर, अहिले सिकाउँदै नसिकाई कसरी तिम्राबारेमा नराम्रा कुरा भन्न सक्छु त म ? फेरि तिम्रो र मेरो कुरा भनेको त हाम्रो घरभित्रको समस्या हो। म कसरी सम्धिनीज्यूसित आफ्नो घरको कुरा सुनाउन सक्छु ? यस्ता कुरा अरूलाई सुनाउन थालियो भने हाम्रो सम्बन्ध बिग्रन पनि सक्छ।

त्यसैले, तिमीले पनि यो कुरा राम्ररी बुझिराख, घरको कुनै पनि कुरा कहिल्यै बाहिर कसैलाई नबताउनू। मलाई यो कुरा मेरी सासूआमाले बताउनुभएको थियो, आज म तिमीलाई बताइरहेकी छु। बुहारीले आँखाभरि आँसु पारेर सासूआमालाई गर्लम्म अँगालो हालिन् र सुँकसुकाउँदै भनिन्- आमा, हजुरले दिएको गुरुमन्त्रलाई म जीवनभर भुल्नेछैन।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

विश्वास कोमाथि गर्ने ?

जब सरकारी अस्पतालले नै गर्दै नगरेको शल्यक्रियाको समेत नक्कली बिल बनाएर बिमा रकम दाबी गर्छन् भने अरूले त के मात्र नगर्लान् ? सरकारी अस्पतालमै यस्तो बदमासी हुन्छ भने विश्वास कोमाथि गर्ने अब ? सरकारले यस्ता विषयमाथि गम्भीर छानबिन गर्ने, गलत दाबी गर्ने संस्थामाथि अनुसन्धान गरी दोषीमाथि कडा कारबाही गरिएन भने बिमाका नाममा चल्ने यो ठगी धन्दा कहिल्यै रोकिनेछैन। अब सरकारले प्रस्ट कार्यविधि तयार गरी स्वास्थ्य बिमामा कसैले पनि फर्जी दाबी गर्न नमिल्ने व्यवस्था मिलाउनुपर्छ। साथै, स्वास्थ्य बिमालाई थप प्रभावकारी बनाउन सरकारले थप पहल पनि गर्नुपर्छ।

● **शोभा भारती**, पकनाजोल, काठमाडौं

सकारात्मक प्रस्ताव

गृह मन्त्रालयले कारागारका कैदीबन्दीलाई विभिन्न ठुला परियोजनामा श्रमिकका रूपमा प्रयोग गर्न सकिने गरी गृहकार्य थालनी गरेको समाचार पढियो। कैदीबन्दीलाई ठुला परियोजनामा श्रममा लगाउनु एकदमै सही निर्णय हो। तर, त्यसरी काममा खटाउनुपूर्व कैदीबन्दीको सुरक्षाको व्यवस्था र उनीहरू भाग्न सक्ने सम्भावनाबारे पर्याप्त गृहकार्य भने भएको हुनुपर्छ। अन्यथा, भोलि कुनै कैदीबन्दी हराएको अवस्थामा त्यसले समस्या ल्याउन सक्छ। यसतर्फ सचेत बनेर व्यवस्थापन गरौं।

● **बलराम विश्वकर्मा**
मैतीदेवी, काठमाडौं

मूल्य किन कम घटाएको ?

तीन महिनापछि नेपाल आयल निगमले इन्धनको मूल्य केही घटाएको छ। तर, अहिले अन्तर्राष्ट्रिय बजारमा जुन अनुपातमा क्रुड आयलको मूल्य जे-जति घटेको छ, त्यसअनुसार नेपाली बजारमा मूल्य समायोजन भने भएको छैन। निगमले आफूलाई कुस्त नाफा राखेर यो मूल्य घटाएजस्तो मात्र गरेको छ। त्यसैले, यसरी निकै कम मूल्य घटाएर हुँदैन। इरान युद्धअघि नेपाली बजारमा इन्धनको मूल्य जहाँ थियो, कम्तीमा त बनाउनैपर्छ।

● **सरस्वती बजिमय**
टीकाथली, ललितपुर

वाम एकता केका लागि ?

अहिले बहसमा रहेको वाम एकता केका लागि हुनुपर्ने हो ? के अब हामी एक नभए अस्तित्व सकिन्छ भन्ने डरले आफ्नो राजनीतिक भविष्य सुरक्षित गराउन यो सब गरिँदै छ हो ? देश र जनताका लागि यो सब प्रयास भइरहेको छ भने विगतमा जनताले दिएको जनमतको कदर गर्न किन सकिएन ? जनताले दुईतिहाइको सरकार बनाउने अवसर कम्युनिस्टहरूलाई दिएकै थिए त। त्यो वेला आफ्नो एकता बचाउन किन नसकेको ? अहिले आएर फेरि त्यही नाटक मञ्चन किन गरिँदै छ ? जनताले विश्वास कसरी गर्ने ?

कुनै दल एकताबद्ध भएर देशलाई राजनीतिक निकास दिनु गलत होइन। तर, एकताका नाउँमा जनता ढाँट्ने कामचाहिँ गलत हो। अहिले देखिएको समस्या भनेको कसको नेतृत्वमा वाम एकता गर्ने ? एउटाको अस्तित्व अर्काले स्विकार्न नसक्ने वाम नेताहरू एकता गर्छु भनेर मिडया ट्रायल गरिरहेका छन्। विगतमा केपी ओलीको महत्त्वाकांक्षकै कारण वाम एकता भंग भएको हो भन्दा फरक पर्दैन। सबैलाई पद चाहिएको छ। त्यो त कसरी सम्भव होला र ?



वाम दलहरू साँच्चै देशको हित चाहन्छन्, यतिखेर नेपाली जनताले दिएको अभिमतको सम्मान गर्नुपर्छ। जुन कुरामा पनि संसद्मा हंगामा गरेर केही हुँदैन। विरोधका लागि विरोध गरेर संसद् चल्न नदिनु भनेको जनतालाई धोका दिनु। सरकारलाई खबरदारी गर्नुपर्छ, सचेत गराउनुपर्छ। तर, संसद् अवरोध गर्न पाइँदैन

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

कति समय बिताइन्छ सामाजिक सञ्जालमा ?

सक्रिय प्रयोगकर्ताले सामाजिक सञ्जालमा प्रतिसाता १८ घण्टा ३६ मिनेट वा हरेक दिन लगभग दुई घण्टा ३९ मिनेट बिताउँछ

देश / विदेश

● मरियम अली ● अम्र अल्काजाज


हरेक वर्षझैं यस वर्ष पनि ३० जुनमा विश्वभरका मानिसले सामाजिक सञ्जाल दिवस मनाए। डिजिटल-मिडिया वेबसाइट म्यासेबलले २०१० मा विश्वव्यापी सञ्चारमा सामाजिक सञ्जालको बढ्दो भूमिकालाई मान्यता दिन थालेपछि दिवस मनाउन सुरु गरिएको थियो। अहिले १६ वर्षपछि सामाजिक सञ्जाल अब कुराकानीको ठाउँ मात्र रहेन। यो विश्वको दुईतिहाइभन्दा बढी जनसंख्याको दैनिक जीवनको आधारभूत पाटो बनेको छ। 'डाटा रिपोर्टल डिजिटल २०२६ को ग्लोबल ओभर भ्यू रिपोर्ट'अनुसार अहिले सामाजिक सञ्जाल प्रयोगकर्ताको संख्या ५.६६ अर्ब पुगेको छ। यस हिसाबले यो संख्या विश्वको जनसंख्याको ६८ प्रतिशतभन्दा बढी हो। सामाजिक सञ्जाल प्रयोगकर्ताको संख्या २००५ मा ५० करोडभन्दा कमबाट २०१५ मा २.२७ अर्ब र २०२५ मा ५.६६ अर्ब पुगेको छ, जुन मुख्यतया किफायती स्मार्टफोनको प्रसार र इन्टरनेट पहुँच विस्तारको कारणले सम्भव भएको हो। सामाजिक सञ्जालमा हामी औसतमा कति समय बिताउँछौं ? सामान्यतया आवश्यकता र फुर्सदअनुसार मानिस सामाजिक सञ्जालमा बिताउने गरिन्छ। तर, कतिपय अवस्थामा सामाजिक सञ्जालमा देखिएका सामग्रीका कारण उसले लामो समय बिताएको पनि भेउ पाउँदैन। डाटा रिपोर्टलका अनुसार औसत सक्रिय प्रयोगकर्ताले सामाजिक सञ्जालमा प्रतिसाता १८ घण्टा ३६ मिनेट वा हरेक दिन लगभग दुई घण्टा ३९ मिनेट बिताउँछ। तर, वार्षिक रूपमा भने यी प्लाटफर्ममा बिताउने समय ४० दिनभन्दा बढी थपिने अध्ययनको दाबी छ।

कुन क्षेत्रमा बढी सामाजिक सञ्जाल प्रयोगकर्ता : सामाजिक सञ्जालको प्रयोग विश्वव्यापी रूपमा गरिन्छ। विशेषगरी एसिया, युरोप र उत्तरी अमेरिकामा यस्ता प्रयोगकर्ताको दर सामान्यतया उच्च छ। कुल जनसंख्याको तुलनामा पूर्वी एसियामा सामाजिक सञ्जाल प्रयोगको अनुपात ८८.१ प्रतिशतले उच्च छ।

त्यसपछि उत्तरी युरोपमा ७९ प्रतिशत, पश्चिमी युरोपमा ७७.७ प्रतिशत र उत्तरी अमेरिकामा ७४ प्रतिशत छ। यसविपरीत मध्य अफ्रिकामा सबैभन्दा कम अर्थात् १२.१ प्रतिशत सामाजिक सञ्जाल प्रयोगकर्ता छन्। त्यसपछि पूर्वी अफ्रिकामा १२.६ प्रतिशत र पश्चिम अफ्रिकामा १९ प्रतिशत छ।

विश्वमा सबैभन्दा धेरै प्रयोग हुने सामाजिक प्लाटफर्म : केपियोस नामक संस्थाको सहकार्यमा स्टेटिस्टाको तथ्यांकले मासिक सक्रिय प्रयोगकर्ताका आधारमा विश्वभर सबैभन्दा लोकप्रिय सामाजिक सञ्जाल नेटवर्कलाई वर्गीकरण गरेको छ। अक्टोबरसम्म, सबैभन्दा लोकप्रिय प्लाटफर्म यस्ता देखिए :

- ३.०७ अर्ब मासिक सक्रिय प्रयोगकर्तासाथ फेसबुक अन्य प्लाटफर्मभन्दा अगाडि छ। फेसबुकमा उपलब्ध रिल यसको महत्त्वपूर्ण भिडियो सामग्री हो।
- इन्स्टाग्राम (२०१२ मा फेसबुकले अधिग्रहण गरेको) र ह्वाट्सएप (२०१४ मा अधिग्रहण गरिएको) प्रत्येकमा तीन अर्ब मासिक सक्रिय प्रयोगकर्ता छन्।
- गुगलको स्वामित्वमा रहेको युट्युब २.५८ अर्ब मासिक सक्रिय प्रयोगकर्ता छन्।
-२०१७ मा अन्तर्राष्ट्रियस्तरमा सुरु भएको टिकटकका



अनुमानित प्रयोगकर्ता १.९९ अर्ब छन्। यद्यपि, स्रोतअनुसार अनुमान फरक-फरक हुन सक्छ। बालबालिकाका लागि सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउन बढ्दो आह्वान यी संख्यापछाडि बढ्दो चिन्ताको विषय रहेको छ। युरोपेली संसद्ले युवा प्रयोगकर्ताका लागि अनन्त स्क्रोल र अटोप्लेजस्ता लत डिजाइन सुविधामा प्रतिबन्धकासाथै सामाजिक सञ्जाल पहुँचका लागि न्यूनतम १६ वर्षको उमेरको प्रस्तावलाई समर्थन गरेको छ। सम्पूर्ण युरोपलाई समेट्ने कानुन अझै लागू भएको छैन, तर धेरै सदस्य राष्ट्र स्वतन्त्र रूपमा अगाडि बढेका छन्। यो परिवर्तन आंशिक रूपमा अस्ट्रेलियाले गरेको छ। अस्ट्रेलिया १६ वर्षमुनिका बालबालिकाका लागि सामाजिक सञ्जालमा पूर्ण प्रतिबन्ध लागू गर्ने विश्वको पहिलो देश बनेको छ। उसले डिसेम्बरमा यस्तो कानुन ल्याएको थियो।

अन्य राष्ट्रले पनि यसको अनुसरण गरेका छन्। इन्डोनेसियाले मार्चमा १६ वर्षमुनिका बालबालिकाका लागि सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाएको थियो, जुन यस्तो कदम चाल्ने पहिलो एसियाली देश बनेको थियो। उता ब्राजिलका बालबालिका र किशोरकिशोरीका लागि डिजिटल विधान (जुन सोही महिनादेखि लागू भएको थियो) अनुसार १६ वर्षमुनिका प्रयोगकर्ताले चलाउँदा अभिभावकलाई खाताको लिंक पठाउन आवश्यक छ र अनन्त स्क्रोलजस्ता लत सुविधामाथि प्रतिबन्ध लगाइएको छ। टर्कीएले अप्रिलमा १५ वर्षमुनिका बालबालिकाका लागि सामाजिक सञ्जाल पहुँच प्रतिबन्धित गर्ने कानुन पारित गरेको छ।

जुनमा संयुक्त अधिराज्य सरकारले १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्लाटफर्मबाट प्रतिबन्ध लगाउने योजना घोषणा गर्‍यो। प्रतिबन्ध २०२७ को वसन्तमा लागू हुने अपेक्षा गरिएको छ।

(मरियम अली पत्रकार हुन् भने अल्काजाज एड्भान्स्ड ओपन-सोर्स इन्टेलिजेन्स (ओएसआइएनटी) का तथ्यांक विज्ञ हुन्)

- अलजजिराबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार १८ असार ०८३

नौ दिनमा पाँच खर्ब ३५ अर्ब खर्च गर्नुपर्ने चुनौतीमा सरकार

१६ असारसम्म सरकारको पुँजीगत खर्च लक्ष्यको ३५.३२ प्रतिशत मात्रै

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारले भुक्तानी गर्न पाउने समय नौ दिन मात्रै बाँकी रहँदा खर्च गर्न बाँकी बजेट भने पाँच खर्ब ३५ अर्ब ३२ करोड ८२ लाख रुपैयाँ देखिएको छ। महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक गरेको १६ असारसम्मको तथ्यांकले यस्तो देखाएको हो।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार आर्थिक वर्ष सकिनुभन्दा एक साताअघि भुक्तानी रोकिनुपर्छ। 'विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको शीर्षकको रकमबाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिनअगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्नेछ,' नियम ३० को उपनियम १ मा भनिएको छ। असारको महिना ३२ दिनको रहेका कारण सरकारले २५ गतेसम्म भुक्तानी गर्न पाउँछ। सरकारले चालू आर्थिक वर्षका लागि १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको बजेट कार्यान्वयन गरिरहेको छ। त्यसमा १६ असारसम्म १४ खर्ब २८ अर्ब ७८ करोड १८ लाख रुपैयाँ खर्च भएको छ, जुन लक्ष्यको ७२.२४ प्रतिशत हो।

तर, सरकारले यो वर्ष लक्ष्यअनुसार बजेट खर्च भने गर्न सकेन। आगामी आवको बजेट वक्तव्यअनुसार यो वर्ष १६ खर्ब ९६ अर्ब ३२ करोड ६८ लाख रुपैयाँ खर्च हुने संशोधित अनुमान छ। त्यो लक्ष्य प्राप्ति गर्न पनि बाँकी अवधिमा दुई खर्ब ६७ अर्ब ५४ करोड ५० लाख रुपैयाँ खर्च गर्नुपर्छ। बाँकी अवधिमा त्योअनुसार भुक्तानी हुन कठिन हुने देखिन्छ। पछिल्लो ११ महिनामा सन्तुलित र व्यवस्थित सरकारी खर्च गर्न नसक्दा अहिले अन्तिम महिनामा सरकारलाई खर्च बढाउन दबाब छ। यद्यपि, यो पुरानै प्रवृत्ति हो। नयाँ शक्तिको रूपमा उदय भएको रास्वपाको दुईतिहाइ जनमतमा बनेको बालेन शाह नेतृत्वको सरकारले समेत तोड्न नसकेको देखिएको छ।

■ मंगलबार एकै दिन १४ अर्ब ८८ करोड खर्च

सरकारले मंगलबार एकै दिन १४ अर्ब ८८ करोड एक लाख रुपैयाँ भुक्तानी गरेको छ। विगतका महिनामा सन्तुलित खर्च गर्न नसकेको सरकारले असार मसान्त नजिकिँदै गएपछि उच्चदरमा खर्च गर्न थालेको हो। महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार मंगलबार १२ अर्ब २९ करोड ८० लाख चालू, ८३ करोड २९ लाख पुँजीगत र एक अर्ब ७४ करोड ९२ लाख वित्तीय व्यवस्थापनबापतको खर्च गरेको छ।

■ चालू खर्च ८२.१३ प्रतिशत

समीक्षा अवधिमा सरकारले ८२.१३ प्रतिशत चालू खर्च गरेको छ। यो वर्ष चालूतर्फ ११ खर्ब ८० अर्ब ९८ करोड चालू खर्च विनियोजन गरिएको थियो। त्यसमा १६ असारसम्म ९ खर्ब ७९ अर्ब ९७ करोड ७० लाख खर्च भएको छ। यसमा अब २ खर्ब ११ अर्ब बजेट खर्च गर्न बाँकी छ।

■ आव सकिन लाग्दा पनि पुँजीगत खर्च कमजोर



आर्थिक वर्ष सकिन लाग्दा पनि सरकारको पुँजीगत खर्च भने कमजोर छ। असार १६ गतेसम्म लक्ष्यको ३५.३२ प्रतिशत मात्रै पुँजीगत खर्च भएको छ। सरकारले यो वर्ष चार खर्ब सात अर्ब ८८ करोड ८० लाख रुपैयाँ पुँजीगत खर्च गर्ने लक्ष्य लिएको छ। त्यसमा १६ असारसम्म एक खर्ब ४४ अर्ब ६ करोड ३३ लाख रुपैयाँ खर्च भएको छ। १६ असारमा एकै दिन करिब १५ अर्ब खर्च हुँदा पुँजीगत खर्च भने ८३ करोड २९ लाख रुपैयाँ मात्रै छ।

सरकारले लक्ष्यअनुसार पुँजीगत खर्च गर्न बाँकी अवधिमा दुई खर्ब ६३ करोड ८२ लाख ४७ हजार रुपैयाँ खर्च गर्नुपर्नेछ। यद्यपि, सरकारले नयाँ बजेटमार्फत यो वर्ष दुई खर्ब ५१ अर्ब ३९ करोड ९० लाख रुपैयाँ पुँजीगत हुने अनुमान गरेको छ। त्यो लक्ष्य प्राप्ति गर्न पनि १ खर्ब सात अर्ब ३३ करोड ५७ लाख रुपैयाँ खर्च गर्नुपर्ने दबाब छ।

गत आवमा तीन खर्ब ४२ अर्ब ३५ करोडको पुँजीगत बजेट ल्याउँदा दुई खर्ब २३ अर्ब ९७ करोड रुपैयाँ खर्च भएको थियो। त्यसमा १६ असारसम्म एक खर्ब ५९ अर्ब ९२ करोड १२ लाख रुपैयाँ खर्च भएको थियो, जुन लक्ष्यको ४५.३९ प्रतिशत थियो। यस वर्ष असार १६ गतेसम्म रकम र अनुपात दुवैमा पुँजीगत खर्च कम छ। जेन-जी आन्दोलन, त्यसपछि गरिएको बजेट रोक्का तथा कटौती र चुनावलगायतका कारण पुँजीगत खर्च न्यून भएको छ। तेस्रो त्रैमासको अन्तिम समयमा सत्ता सम्हालेको रास्वपा सरकारले पनि पुँजीगत खर्च बढाउन सकेको छैन।

■ वित्तीय व्यवस्थातर्फ ८३.८८ प्रतिशत खर्च

वित्तीय व्यवस्थातर्फ भने सरकारले ८३.८८ प्रतिशत खर्च गरिसकेको छ। यो वर्ष वित्तीय व्यवस्थातर्फ तीन खर्ब १२ अर्ब ९९ करोड २३ लाख रुपैयाँ बजेट छ। त्यसमा असार १६ सम्म ३ खर्ब १४ अर्ब ७४ करोड १५ लाख रुपैयाँ खर्च भएको छ।

■ सरकारको आम्दानी लक्ष्यको ७५ प्रतिशत

समीक्षा अवधिमा सरकारको आम्दानी भने लक्ष्यको ७५.०१ प्रतिशत देखिएको छ। यो वर्ष सरकारले कर, गैरकर र अनुदानबाट १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख आम्दानी गर्ने लक्ष्य लिएको थियो। त्यसमा १६ असारसम्म ११ खर्ब ५० अर्ब १७ करोड ११ लाख आम्दानी भएको छ। त्यसमा कर राजस्व १० खर्ब १५ अर्ब १४ करोड ९९ लाख, गैरकर राजस्व १ खर्ब ३ अर्ब १ करोड ६६ लाख, अनुदान २५ अर्ब ४६ करोड ४९ अर्ब र अन्य आम्दानी ६ अर्ब ५३ करोड ९७ लाख रहेको छ। लक्ष्य पूरा गर्न अब ३ खर्ब ८३ करोड २७ लाख ५८ लाख राजस्व उठाउन बाँकी छ।



हवाई भाडा घट्यो

काठमाडौं-धनगढी उडानमा सबैभन्दा बढी एक हजार ७६५ रुपैयाँ भाडा घट्यो

नयाँ पत्रिका

हवाई इन्धनको मूल्य घटेपछि नेपालमा चल्ने आन्तरिक हवाई उडानको फ्युल सरचार्ज (इन्धन शुल्क) घटाइएको छ। यससँगै यात्रुले हवाई टिकटमा केही राहत पाउने भएका छन्।

नेपाल नागरिक उड्डयन प्राधिकरणले सबै आन्तरिक वायुसेवा कम्पनीलाई नयाँ दरअनुसार इन्धन शुल्क लिन निर्देशन दिएको छ। यो नयाँ व्यवस्था बुधबारदेखि लागू भएको हो। निगमले हवाई इन्धनको मूल्य प्रतिलिटर ४० रुपैयाँ घटाएपछि प्राधिकरणले पनि यात्रुबाट उठाउने इन्धन शुल्क घटाएको हो। इन्धनको मूल्य करिब १५ प्रतिशत घटेको प्राधिकरणले जनाएको छ। यसअघि हवाई इन्धनको मूल्य प्रतिलिटर २६९ रुपैयाँ थियो। अब घटेर २ सय २९ रुपैयाँ कायम भएको छ।

काठमाडौं-धनगढी उडानमा सबैभन्दा बढी एक हजार ७६५ रुपैयाँसम्म इन्धन शुल्क घटेको छ। काठमाडौं-माउन्टेन रुटमा



१ हजार ३७५, काठमाडौं-नेपालगन्जमा १ हजार ३०५, काठमाडौं-भद्रपुरमा एक हजार २०५ र पोखरा-भद्रपुरमा १ हजार ६२० रुपैयाँसम्म शुल्क घटाइएको छ।

त्यस्तै, काठमाडौं-विराटनगरमा ९६०, काठमाडौं-पोखरामा ६३५, काठमाडौं-भैरहवामा ८२५, काठमाडौं-सिमरामा ३६० रुपैयाँसम्म इन्धन शुल्क घटेको छ। पोखरा, भरतपुर, जनकपुर, भैरहवा, नेपालगन्ज, धनगढी, विराटनगर लगायतका रुटमा पनि फ्युल सरचार्ज घटाइएको छ। फ्युल सरचार्ज गणनाअनुसार ट्रंक रुट (मुख्य आन्तरिक गन्तव्य) का लागि प्रतियात्रु प्रतिमिनेट इन्धन लागत १२१ रुपैयाँ ८१ पैसा निर्धारण गरिएको छ। प्राधिकरणको गणनामा जेटस्ट्रिम र एटिआर-४२ विमानको इन्धन खपत, सिट क्षमता र औसत भारका आधारमा नयाँ सरचार्ज निर्धारण गरिएको हो।

प्राधिकरणले यो शुल्क हवाई इन्धनको मूल्य, विमानले गर्ने इन्धन खपत र यात्रु बोक्ने क्षमताका आधारमा गणना गर्ने गर्छ। प्राधिकरणले मुख्य आन्तरिक गन्तव्यमा चल्ने विमानका आधारमा यो हिसाब गरेको छ। गणनामा जेटस्ट्रिम र एटिआर-४२/३२० विमानलाई आधार मानिएको छ। जेटस्ट्रिम विमानले प्रतिघण्टा ८०० लिटर इन्धन खपत गर्छ। यस्ता विमान सातवटा रहेको र एउटा विमानमा ३० सिट हुने आधार लिइएको छ।

यातायात व्यवसायी आफैंले गरे भाडादर घटाउन माग

काठमाडौं/ इन्धनको मूल्य घटेसँगै यातायात व्यवसायी आफैंले भाडादर घटाउन माग गरेका छन्। नेपाल आयल निगमले बुधबार प्रतिलिटर पेट्रोलमा २० रुपैयाँ र डिजेलमा ३० रुपैयाँले मूल्य घटाएसँगै यातायात व्यवसायीले सार्वजनिक यातायातको भाडादर घटाउन सरकारसँग माग गरेका हुन्।

इरान युद्धका कारण इन्धनको मूल्य उच्च दरमा बढेपछि २५ चैत र १६ वैशाखमा भाडादर बढाइको थियो। २५ चैतमा १६.७१ र १६ वैशाखमा पाँच प्रतिशतले भाडादर बढाइएको थियो। अहिले इरान युद्ध साम्य हुने देखिएपछि विश्व बजारमा इन्धनको मूल्य स्वाट्टै घटेको छ। इन्धनको मूल्य पाँच प्रतिशतले थपघट भएपछि भाडादर समायोजन गर्नुपर्ने व्यवस्था छ। बुधबार पेट्रोलको ९.३२ प्रतिशत र डिलेजको १३.४८ प्रतिशतले मूल्य घटेको छ। त्यसकारण, भाडादर घटाउनुपर्ने दबाब पनि स्वतः बढेको छ।

नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघका अध्यक्ष सरोज सिटौलाले भाडादर घटाउनुपर्ने बताए। भाडादरमा स्वचालित प्रणाली नै लागू गर्नुपर्ने उनको भनाइ छ। 'पेट्रोलियम पदार्थको मूल्यमा हुने उतारचढावसँगै सार्वजनिक सवारीसाधनको भाडा पनि पारदर्शी, वैज्ञानिक र वस्तुगत आधारमा समायोजन हुनु आवश्यक छ। इन्धनको मूल्यवृद्धि हुँदा भाडा बढाउने निर्णय हुने र मूल्य घट्दा समयमै भाडा समायोजन नहुने प्रवृत्तिले यात्रु र व्यवसायी दुवै पक्षमा अन्योल सिर्जना गर्ने गरेको छ,' उनले भने, 'सार्वजनिक यातायातको भाडा निर्धारण गर्दा इन्धनको मूल्य मात्र होइन। सवारीसाधनको सञ्चालन खर्च, मर्मतसम्भार, बिमा, श्रमिकको पारिश्रमिक, स्पेयर पार्टस्को मूल्य, बैंकिङ लागत तथा समग्र आर्थिक सूचकलाई समेत वैज्ञानिक आधारमा मूल्यांकन गरिनुपर्छ। यातायात क्षेत्रलाई दिगो, व्यवस्थित र विश्वसनीय बनाउन सरकार, नियामक निकाय, व्यवसायी तथा उपभोक्ताबिच आपसी विश्वास कायम हुनु जरुरी छ।'

प्रस्ट मापदण्डका आधारमा समयानुकूल भाडा समायोजन गर्ने प्रणाली लागू गरिनुपर्ने उनले बताए। 'हामी सम्बन्धित निकायलाई वैज्ञानिक, पारदर्शी र न्यायोचित भाडा समायोजन प्रणाली कार्यान्वयन गर्न आग्रह गर्दछौं, जसले यात्रुको हित, व्यवसायीको दिगोपना र समग्र सार्वजनिक यातायात प्रणालीको सन्तुलित विकासमा योगदान पुऱ्याउनेछ,' उनले भने।

समस्याग्रस्त सहकारीबाट बचत फिर्ता सुरु गरिने

मकवानपुर/ बागमती प्रदेश सरकारले प्रदेशका समस्याग्रस्त घोषणा गरिएका पाँच सहकारीका साना बचतकर्तालाई बचत रकम फिर्ता गर्ने प्रक्रिया तत्काल सुरु गर्ने भएको छ। प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको उपस्थितिमा बुधबार बसेको बागमती प्रदेशको सहकारी क्षेत्रको वर्तमान अवस्था तथा समस्याग्रस्त सहकारी व्यवस्थापनसम्बन्धी उच्चस्तरीय बैठकले यस्तो निर्णय गरेको हो।

बैठकले समस्याग्रस्त सहकारीहरूको सम्पत्ति बिक्री तथा ऋण असुलीबाट प्राप्त हुने रकम प्राथमिकताका आधारमा फिर्ताको प्रक्रिया अघि बढाउने निर्णय गरेको छ। पाँच समस्याग्रस्त सहकारीका १४ हजारभन्दा बढी बचतकर्ताको २२ अर्ब ३८ करोड रुपैयाँभन्दा बढी रकम जोखिममा छ।

बैठकले हाल व्यवस्थापन प्रक्रियामा रहेका सिभिल सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, दर्शन बचत तथा ऋण सहकारी लिमिटेड, नेसनल नमोबुद्ध बचत तथा ऋण सहकारी लिमिटेड, लालीगुराँस बचत तथा ऋण सहकारी लिमिटेड र सुमेरु सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेडका सम्पत्ति बिक्री तथा ऋण असुलीबाट प्राप्त हुने रकमका आधारमा साना बचतकर्तालाई फिर्ता गर्ने प्रक्रिया यथाशीघ्र सुरु गर्ने निर्णय गरेको मुख्यमन्त्री बानियाँले जानकारी दिए। 'साना बचतकर्ताको रकम फिर्ता अब प्रदेश सरकारको पहिलो प्राथमिकता हो। सम्पत्ति बिक्री र ऋण असुलीबाट प्राप्त रकम तत्काल बचतकर्तासम्म पुऱ्याउने प्रक्रिया सुरु हुन्छ,' उनले भने, 'भविष्यमा समस्याग्रस्त सहकारी घोषणा पनि तथ्य, प्रमाण र वित्तीय अवस्थाको वस्तुगत अध्ययनका आधारमा मात्रै गरिनेछ।'

बैठकले समितिको कामलाई थप प्रभावकारी बनाउँदै सहकारी तथा गरिबी निवारण मन्त्रालयमा त्रैमासिक प्रगति प्रतिवेदन बुझाउने निर्णय पनि गरेको छ। यस्तै, अब कुनै पनि सहकारीलाई समस्याग्रस्त घोषणा गर्नुअघि पर्याप्त वस्तुगत आधार, प्रमाण तथा वित्तीय अवस्थाको विस्तृत अध्ययन गरिने निर्णयसमेत बैठकले गरेको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: प्रज्ञा मार्ग, कमलादी, काठमाडौं
फोन नं.: +९७७-१-५९७१२९७/९८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६५०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगाको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१	**१. ऋणी फर्म: श्री गनेशाय नम सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता: रोशन तामाङ** **दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापामा प्रा.फ.र.नं. ९७०/१०९७३/२/२२, **दर्ता मिति:** २०७५/०२/२२, **ठेगाना:** जिल्ला झापा, दमक न.पा. वडा नं. ९
	२. ऋणी : रोशन तामाङ **स्थायी ठेगाना** : झापा जिल्ला दमक न.पा. वडा नं. १४, **हालको ठेगाना** : झापा जिल्ला, दमक न.पा. वडा नं. ९, **बाबु** : आइराम तामाङ, **बाजे** : सुर्यमान तामाङ
२	**ऋणी फर्म : न्यू अन्नपूर्ण मोटरसाइकल रिकन्डिसन तथा वर्कशप, प्रोप्राईटर तथा जमानीकर्ता: प्रकाश लामा** **दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रा.फ.द.नं. २३२/०६९/०७०, **दर्ता मिति** २०७९/०६/१७, **ठेगाना:** जिल्ला चितवन, भरतपुर न.पा. वडा नं. १०
३	**ऋणी: सु. श्री तिर्थ कुमारी गुरुङ** स्थायी ठेगाना : सुनसरी जिल्ला, धरान न./गा.पं. वडा नं. १०, हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १६, बाबु : तारा बहादुर गुरुङ, ससुरा : जंग लाल गुरुङ, पति : डम्बर ध्वज गुरुङ
४	**ऋणी: श्रीमती चिनमाया पुन (विस्वास)** स्थायी ठेगाना : बाँके जिल्ला, नेपालगञ्ज न.पा. वडा नं. १३, हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २, लाजिम्पाट बाबु : कर्ण वहादुर पुन, ससुरा : पुर्ण चन्द विस्वास, पति : निर्मल चन्द विस्वास
५	**ऋणी फर्म: उत्तम कृषि फर्म, साझेदार तथा जमानीकर्ता: १. दिपेन चौधरी २. अशोक खवास** **दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय, विराटनगर, मोरङमा सा.फ.द.प्र.नं. १३१५/०७९/०८०, **दर्ता मिति:** २०७९/१०/२५, **ठेगाना:** जिल्ला मोरङ, सुन्दरहरैंचा न.पा. वडा नं. ११
६	**१. ऋणी कम्पनी: तरहरा मल्टिपर्पोज सप्लायर्स प्रा. लि., संचालक तथा जमानीकर्ता: डिल्ली प्रसाद पुरी** **दर्ता नं.:** कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १७१५२५/०७४/०७५, **दर्ता मिति:** २०७४/०४/०९, **ठेगाना:** जिल्ला सुनसरी, ईटहरी उ.म.न.पा. वडा नं. १९
	कर्जाको किसिम: बिना धितो कर्जा **२. ऋणी: डिल्ली प्रसाद पुरी** **स्थायी ठेगाना :** खोटाङ जिल्ला, बाकाचोल गा.वि.स. वडा. नं. ५, **हालको ठेगाना :** सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. १९, **बाबु** : धन बहादुर पुरी, **बाजे** : हरी लाल पुरी
	जमानीकर्ता: सुमित्रा पुरी स्थायी ठेगाना : खोटाङ जिल्ला, बाकाचोल गा.वि.स. वडा. नं. ५, **हालको ठेगाना :** सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. १९, **बाबु** : शरशेर बहादुर वन, **ससुरा** : धन बहादुर पुरी, **पति** : डिल्ली प्रसाद पुरी
७	**१. ऋणी फर्म: प्रणाम सर्जि हाउस, प्रोप्राईटर तथा जमानीकर्ता: मन्जु नेउपाने** **दर्ता नं.:** वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय , विराटनगरमा प्रा.फ.र.नं. ३६८६८/०७८/७९, **दर्ता मिति:** २०७८/१०/२४, **ठेगाना:** जिल्ला मोरङ, विराटनगर म. न. पा. वडा नं. १०
	२. ऋणी: महेन्द्र प्रसाद खरेल **स्थायी ठेगाना :** मोरङ जिल्ला, विराटनगर उ. म. न. पा. वडा नं. १३, **हालको ठेगाना :** मोरङ जिल्ला, विराटनगर म. न. पा. वडा नं. १२, **बाबु** : गोपाल प्रसाद खरेल, **बाजे** : रामकान्त खरेल
८	**ऋणी : शर्मिला भुजेल** **स्थायी ठेगाना** : झापा जिल्ला, जुरोपानी गा.वि.स. वडा नं. ५, **हालको ठेगाना** : झापा जिल्ला, गौरादह न.पा. वडा नं. ७, **बाबु :** धन बहादुर भुजेल, **ससुरा** : छुची मुची माझी, **पति** : नारान माझी
९	**ऋणी : लक्ष्मी नेपाली** **स्थायी ठेगाना :** पर्वत जिल्ला, शालिग्राम गा.वि.स. वडा नं. २, **हालको ठेगाना :** नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. ५, **बाबु** : भक्त बहादुर सार्की, **ससुरा :** मनिराम सार्की, **पति :** दुर्गा बहादुर नेपाली
१०	**ऋणी : थठेन्द्र परियार** **स्थायी ठेगाना** : नवलपरासी जिल्ला, अठ्यौली गा.वि.स. वडा नं. ९, **हालको ठेगाना** : नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १६, **बाबु :** डोरे दमाई, **बाजे :** रुद्रे दमाई

नोट: ऋणी/सञ्चालक/प्रोपाईटर बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी/सञ्चालक/प्रोपाईटरको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

शाखा कार्यालय कंचनबारी, मोरङको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३/०३/१८ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय कंचनबारी, मोरङबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने को ब्याज र हर्जाना ब्याज रकम बुझाउने तथा कर्जा नवीकरण गर्ने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०८१/०४/२७ मा दर्ता नं. ३४१५४६/०८१/०८२ कायम भई दर्ता भएको सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ६ स्थित नेचुरा इन्टरनेशनल प्रा.लि.
व्यक्तिगत जमानतकर्ताहरुको विवरण
१. भागीरथ उप्रेतीको नाति, इन्द्र प्रसाद उप्रेतीको छोरा, मोरङ्ग जिल्ला, दर्वेशा गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको कमल उप्रेती (ना.प्र.प.नं. १६२९२-३२६९, मोरङ्ग)
२. विच्छुलाल ताजपुरियाको नाति, मुण्डिल प्रसाद ताजपुरियाको छोरा, मोरङ्ग जिल्ला, भुर्किया गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको नारायण प्रसाद ताजपुरिया (ना.प्र.प.नं. १२०५९/१४६, मोरङ्ग)
३. धनन्जय उप्रेतीको नाति, भागिरथ उप्रेतीको छोरा, मोरङ्ग जिल्ला, दर्वेशा गा.वि.स./न.पा., वडा नं. ९ स्थित स्थायी ठेगाना भएको इन्द्र प्रसाद उप्रेती (ना.प्र.प.नं. ५२६३३, मोरङ्ग)
४. भागिरथ उप्रेतीको बुहारी, इन्द्र प्रसाद उप्रेतीको पत्नी, मोरङ्ग जिल्ला, दर्वेशा गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको कृष्ण माया उप्रेती (ना.प्र.प.नं. ६१४९/८५६, मोरङ्ग)
५. इन्द्र प्रसाद उप्रेतीको बुहारी, कमल उप्रेतीको पत्नी, मोरङ्ग जिल्ला, केरौन गा.वि.स./न.पा., वडा नं. ३ स्थित स्थायी ठेगाना भएको शलिना कार्की (ना.प्र.प.नं. २९४८२, मोरङ्ग)
६. भागिरथ उप्रेतीको नाति, इन्द्र प्रसाद उप्रेतीको छोरा, मोरङ्ग जिल्ला, दर्वेशा गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको चन्द्र प्रसाद उप्रेती (ना.पं.प.नं. ०५१२८११/३२६८, मोरङ्ग)
७. इन्द्र प्रसाद उप्रेतीको बुहारी, चन्द्र प्रसाद उप्रेतीको पत्नी, झापा जिल्ला, चारपाने गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको प्रमिला विमली (ना.प्र.प.नं. ०४१०१३/१७६२, झापा)
८. बोदरा ताजपुरियाको नाति, विच्छुलाल ताजपुरियाको छोरा, मोरङ्ग जिल्ला, भुर्किया गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको मुण्डिल प्रसाद ताजपुरिया (ना.प्र.प.नं. ५२८९, मोरङ्ग)
९. विच्छुलाल ताजपुरियाको बुहारी, मुण्डिल प्रसाद ताजपुरियाको पत्नी, मोरङ्ग जिल्ला, भुर्किया गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको चुवा देवी ताजपुरिया (ना.प्र.प.नं. को.मो.४४०६, मोरङ्ग)

केन्द्रीय समितिमा...

पृष्ठ १ बाट क्रमशः

महाधिवेशनमा ९९ सदस्यीय केन्द्रीय समितिका लागि भएको निर्वाचनमा ५० जना महिला निर्वाचित भएका छन् । रास्वपा निर्वाचन आयोगका प्रमुख भुवन केसीका अनुसार नेपाली राजनीतिक इतिहासमा कुनै पनि दलको सर्वोच्च निकाय केन्द्रीय समितिमा निर्वाचनमार्फत ५१ प्रतिशत महिला निर्वाचित भएको यो पहिलो घटना हो । कुल ३७९ जनाले उम्मेदवारी दिएकोमा ४९ जना पुरुष निर्वाचित भएका थिए ।

रास्वपाको विधानमा १५८ सदस्यीय केन्द्रीय समितिमा एकतिहाइ अर्थात् ५३ जना महिला हुनुपर्ने व्यवस्था छ । विधानअनुसार मनोनीत हुने ५१ मध्ये तीनजना महिला ल्याउँदा पनि एकतिहाइ पुग्छ । तर, सभापतिले मनोनीत गर्ने ५१ जनामा पनि महिलालाई प्राथमिकतामा राखेर ५० प्रतिशत पुर्‍याउने प्रयास हुने महामन्त्री विपिन आचार्यले बताए । त्यसबाहेक सात प्रदेश सभापति पदेन केन्द्रीय सदस्य हुनेछन् ।

'पार्टीको सर्वोच्च समितिमा निर्वाचनबाट भएको ५१ प्रतिशत महिला प्रतिनिधित्व ऐतिहासिक छ । अब मनोनीत गर्दा पनि अधिकतम ल्याएर ५० प्रतिशत महिला पुर्‍याउने कोसिस रहन्छ । निर्वाचितमा महिला आए भन्दैमा मनोनीत सबै पुरुष हुँदैनन् । सिंगै समितिमा महिलाको जबर्जस्त उपस्थिति अहिलेकै जस्तो अनुपातमा देख्न पाइनेछ,' महामन्त्री आचार्यले भने, 'नेतृत्वमा महिलाको सहभागिता बढोस्, अन्य समुदायको पनि उल्लेख्य उपस्थिति होस् भन्ने पार्टीको स्पिरिट हो । सभापतिजीले पदाधिकारीदेखि केन्द्रीय सदस्यसम्म मनोनीत गर्दा पनि त्यसलाई सम्बोधन हुने गरी गर्नुहुन्छ ।'

केन्द्रीय सदस्यबाहेक सभापतिले १२ पदाधिकारी पनि मनोनीत गर्ने व्यवस्था छ । पदाधिकारीमा मनोनीत हुने व्यक्ति केन्द्रीय सदस्य हुनुपर्छ । त्यसैले पहिला केन्द्रीय सदस्य मनोनीत गरिनेछ । रास्वपा विधानमा योग्यता पुगेका केन्द्रीय सदस्यहरूमध्ये समावेशी सिद्धान्त र सक्षमतालाई ध्यानमा राखेर मनोनीत गर्ने पदाधिकारीको नाम प्रस्ताव गर्ने र केन्द्रीय समिति बैठकले अनुमोदन गर्ने भनिएको छ । पदाधिकारी मनोनयन प्रस्ताव गर्दा समावेशिताको सिद्धान्तलाई अनिवार्य पालना गर्नुपर्ने र कम्तीमा चार महिला अनिवार्य हुनैपर्ने भनेको छ । त्यस्तै, कम्तीमा दुई सीमान्तकृत समुदाय (आदिवासी जनजाति, मधेशी, दलित, थारू वा मुस्लिम/अल्पसंख्यक क्लस्टर)बाट अनिवार्य भनिएको छ ।

पदाधिकारीमा एक वरिष्ठ नेता, एक उपसभापति, एक महामन्त्री, दुई सहमहामन्त्री, एक कोषाध्यक्ष, दुई सहकोषाध्यक्ष, एक प्रवक्ता र तीन सहप्रवक्ता मनोनीत गरिनेछन् । महाधिवेशनबाट सभापति, दुई उपसभापति, एक महामन्त्री र तीन सहमहामन्त्री निर्वाचित भइसकेका छन् ।

महामन्त्री आचार्यले पदाधिकारी चयनमा पनि समावेशितालाई प्राथमिकता दिँदै कम्तीमा एकतिहाइ महिला सहभागिता सुनिश्चित गर्ने गृहकार्य भइरहेको छ । महाधिवेशनबाट निर्वाचित आठ पदाधिकारीमध्ये उपसभापति सोविता गौतम र सहमहामन्त्री निशा डाँगी निर्वाचित भइसकेका छन् । अब सभापतिले मनोनयन गर्ने पदाधिकारीमध्ये कम्तीमा चारजना महिलालाई समेटिने तयारी रहेको महामन्त्री आचार्यले बताए ।

'पार्टी विधानले नै समावेशी सिद्धान्तलाई अनिवार्य पालना गर्ने भनेको छ । सभापतिजीले त्यो स्पिरिटलाई कायम राख्ने गरी सबै क्लस्टरलाई समेटेर मनोनीत गर्नुहुन्छ,' महामन्त्री आचार्यले भने, 'रास्वपा सबै क्लस्टर समेट्ने पार्टी हुन्छ । नेपाली राजनीतिक दलको इतिहासमा समानुपातिक समावेशिताको स्पिरिटलाई कायम राख्ने गरी अगाडि बढ्छौँ ।'

त्रिभुवन विश्वविद्यालयको समाजशास्त्र केन्द्रीय विभागका उपप्राध्यापक दीपेश घिमिरे कुनै पनि दलको केन्द्रीय समितिमा ५१ प्रतिशत महिला निर्वाचित भएको सम्भवतः इतिहासमा पहिलो परिघटना भएको बताउँछन् । उनका अनुसार यो उपस्थितिले अन्य दललाई पनि परिवर्तनको सन्देश दिएको छ ।

'००७ सालको क्रान्ति होस् वा बहुदल प्राप्तिपछि पनि महिलाको निकै कम सहभागिता रह्यो । संविधान निर्माणपछि पछिल्लो समय हेर्दा ३३ प्रतिशत बाध्यकारीबाहेक त्यो तहको उपस्थिति देखिँदैन । निर्वाचित नै भएर आधा महिला आउनु ठुलो कुरा हो । यसले राजनीतिमा महिला हस्तक्षेप सम्भव छ भन्ने देखाउँछ,' उनी भन्छन्, 'यहाँ महिलालाई आफ्नो दलभित्र सहज वातावरण नबनाई अगाडि जान सकिँदैन भन्ने सन्देश छ । जसरी माओवादी आन्दोलनमा महिलाहरू बन्दुक बोकेर गए । त्यसले राज्य संरचनामा परिवर्तन ल्यायो । पुरुष मात्रै भर्ना हुने नेपाली सेना रिफर्म गर्न बाध्य भयो । महिलाहरू भर्ना पनि हुन थाले । त्यसैगरी अहिले रास्वपाको यो उपस्थितिले अरू दललाई पनि महिलामैत्री बन्न, महिलामैत्री नीति लिन र निर्वाचित हुने वातावरण बनाउने हिसाबले योगदान र संकेत गर्छ ।'

घिमिरे राजनीतिमा प्रतिस्पर्धा गरेर बलियो उपस्थितिले महिलाहरूले सामाजिक-आर्थिक क्षेत्रमा हस्तक्षेप बढाउँदै गएको देखिएको बताउँछन् । 'रास्वपाको केन्द्रीय समितिमा भएको प्रतिनिधित्व समग्र समाजको प्रतिनिधित्व हो । ५१ प्रतिशत जनसंख्या भएको महिलाहरू शिक्षामा, सामाजिक र आर्थिक क्षेत्रमा सक्षम भएको, समग्र क्षेत्रमा हस्तक्षेप बढाउँदै गएजस्तो लाग्छ,' उनले भने ।

अधिकारकर्मी इन्द्र अधिकारीले सत्तासीन पार्टीको मुख्य संरचनामा प्रतिशतको हिसाबले महिला सहभागिता बढ्नु सकारात्मक भएको बताइन् । अब गुणात्मकताका पक्ष पनि हेर्नुपर्ने उनले बताइन् । 'केन्द्रीय समितिमा महिलाको बहुमत हुनु भनेको राम्रो हो । यो लामो समयदेखि गरिरहेको आन्दोलनको परिणाम हो । प्रतिनिधित्व संख्याको हिसाबले सकारात्मक छ,' उनले भनिन्, 'तर, समावेशिताको हिसाबले हेर्दा पहिलादेखि चिनिएका चर्चित, पार्टीमा सहभागिता जनाइरहेका, पैसा-प्रसिद्धि कमाइसकेका, राज्य संरचनामा पहिचान बनाएकाहरू नै फेरि केन्द्रीय संरचनामा आएको हुनाले वर्गीय-जातीय हिसाबले तल्लो तह समेटिएनन् ।'

अधिकारीले संख्यात्मक रूपले भएपनि महिलाहरू आउँदा अरू दललाई पनि प्रतिनिधित्व गराउन-बनाउन बाध्य बनाउने बताइन् । 'सहभागिताले सकारात्मक सन्देश दिएको छ । अरू पार्टीमा पनि यो सन्देश प्रवाह हुँदै जान्छ,' उनले भनिन् ।

महाधिवेशनबाट निर्वाचित महिला केन्द्रीय सदस्यहरू

महधिवेशनबाट निर्वाचित हुनेमा सोविता गौतम, डा. तोसिमा कार्की, रञ्जु दर्शना, निशा डाँगी, इन्दिरा रानामगर, रिमा विश्वकर्मा, समीक्षा बाँस्कोटा, गीता चौधरी, लिमा अधिकारी आचार्य, प्रकृति ढकाल, टीका संग्रौला (ज्वाला), क्रान्तिशिखा धिताल, जमुना शर्मा, सुशीला कार्की पोखेल, आशिका तामाङ, अनुष्का श्रेष्ठ, निशा श्रेष्ठ, कुसुम महर्जन, करिश्मा कठरिया, जुली यादव, कामिनीकुमारी चौधरी, सविना विक, खिमा विक, समिना मियाँ र निशा मेहता छन् ।

त्यसैगरी शोभा कार्की, कल्पना थापा, सुजाता तामाङ, सुष्मा बस्नेत, सुनिताकुमारी चौधरी, नमिता यादव, मञ्जु सिंह, प्रभा ढकाल, विदुषी राणा, आकांक्षा पोखरेल, अनिता श्रेष्ठ, पार्वती थापा, पवित्रा थापा, पूजा बाँस्तोला, विष्णुकुमारी गुरुङ (एकता), कल्पना पाण्डे, संगीता ढकाल, ज्ञानु पौड्याल, शर्मिला खनाल, सीता बादी, विनिता कठायत, टासी ल्हाङजोम, मेनुका शाही, जानिका जोशी र चन्द्रा ऐर चाँदनी निर्वाचित भएका छन् ।

निर्वाचित केन्द्रीय समितिमा हेरफेर

रास्वपाले निर्वाचित ९९ केन्द्रीय सदस्यको सूची सच्याएको छ । बढी मत ल्याए पनि क्लस्टर मिलाउने क्रममा निर्वाचित नभएको गुनासो उम्मेदवारबाट आएपछि पार्टीको निर्वाचन आयोगले मंगलबार दुईजनालाई हटाएर अरू दुईजनालाई केन्द्रीय सदस्य निर्वाचित गरेको छ ।

आयोग प्रमुख भुवन केसीका अनुसार ९९ केन्द्रीय सदस्यका ३२ खुला, ३२ समावेशी र ३५ भूगोलबाट निर्वाचित हुनुपर्छ । समावेशी सन्तुलन मिलाउँदा छुटेका उम्मेदवारलाई समावेशी गरी सूची सच्याइएको हो ।

सूची सच्याउँदा बागलुङ २ बाट निर्वाचित सांसद सोम शर्मा नै छुटेका छन् । उनको ठाउँमा बढी मत ल्याउँदा पनि निर्वाचित नगरिएको भन्दै असन्तुष्टि जनाई सर्वोच्च अदालत जाने तयारीमा रहेकी पूजा बाँस्तोलालाई निर्वाचित गरिएको छ । शर्मा र बाँस्तोला गण्डकी प्रदेश भूगोलबाट थिए । सुरुमा गण्डकी भूगोलको पाँच निर्वाचित सदस्यमा चौथो नम्बरमा शर्मा र पाँचौँ नम्बरमा विष्णुकुमारी गुरुङ (एकता) थिए । शर्माको ९७४ र गुरुङको ७८७ मत थियो ।

अहिले सूची सच्याएर सांसद शर्मालाई हटाइएको छ भने उनको ठाउँमा ८९३ मत पाएकी पूजा बाँस्तोलालाई निर्वाचित गरिएको छ । महिला सहभागिता बढाउन गुरुङलाई यथावत् राखी सांसद शर्मालाई हटाएर उनको ठाउँमा बाँस्तोलालाई निर्वाचित गरिएको आयोगले जनाएको छ ।

यसैगरी आदिवासी पुरुषतर्फ पुछारमा परेका कृष्णमान श्रेष्ठ ७८५ लाई हटाएर उनीभन्दा बढी मत ल्याएका ध्रुव थापामगर ७९० लाई निर्वाचित गरिएको छ । उनीहरूले खुलातर्फको समावेशी समूहमा प्रतिस्पर्धा गरेका थिए । सुरुमा ध्रुव थापा मात्रै लेखिँदा जनजाति प्रतिनिधित्व गराउन उनलाई निर्वाचित गरिएको थिएन । तर, कागजातमा थापामगर भेटिएपछि उनी जनजाति कोटाबाट बढी मत ल्याएका कारण निर्वाचित गरिएको निर्वाचन आयोगले जनाएको छ ।

यसैबिच केन्द्रीय सदस्यबाट हटाइएका शर्मा र श्रेष्ठले असन्तुष्टि जनाएका छन् । श्रेष्ठले त सभापति रवि लामिछानेलाई भेटेरै आफूले बढी मत ल्याएकाले केन्द्रीय सदस्य हुनुपर्ने भन्दै मंगलबारै निवेदन नै दिएका छन् ।

जिल्लाबाट...

पृष्ठ १ बाट क्रमशः

तीनजनाको जन्मकैद सजाय यथावत्

उच्च अदालतले घटनाका मुख्य अभियुक्तहरू प्रदीप साह माझी, सञ्जयकुमार साह र मोहन ठाकुरको हकमा जिल्ला अदालतले सुनाएको जन्मकैदको सजायलाई यथावत् राखेको छ । तत्कालीन मुलुकी ऐनको ज्यानसम्बन्धी महलअन्तर्गत उनीहरूलाई दोषी ठहर गरिएको हो ।

फैसलामा चिकित्सकीय प्रमाण, किटानी जाहेरी, अनुसन्धानका क्रममा दिइएका बयान, एम्बुलेन्सचालक सुशील मिश्र तथा अन्य साक्षीहरूको बयान र घटनास्थलका तस्बिरलाई मुख्य प्रमाण मानिएको छ । विशेषगरी सञ्जयकुमार साहले असइ विकमाथि आक्रमण गरिरहेको दृश्य देखिने तस्बिरलाई अदालतले बलियो प्रत्यक्ष प्रमाणका रूपमा स्विकारेको छ ।

यसअघि २८ मंसिर ०८० मा महोत्तरी जिल्ला अदालतका न्यायाधीश उद्धवप्रसाद भट्टराईको इजलासले यस मुद्दामा फैसला सुनाएको थियो । त्यतिवेला जन्मकैदको सजाय पाएका अभिराम शर्मासहितका व्यक्तिहरू पुनरावेदन नगरी फरार भएका थिए । कानुनअनुसार पुनरावेदनका लागि दिइने ७० दिन र म्याद थाम्ने थप ३० दिन गरी सय दिनको अवधि गुज्रिएपछि उच्च अदालतले कानुनी व्यवस्थाअनुसार स्वतः साधक सुनुवाइ (फैसला जाँच्ने प्रक्रिया) अघि बढाएको थियो । सोही क्रममा न्याय प्रशासन ऐन, २०७३ को दफा १० (४) बमोजिम अभियुक्तका परिवारका सदस्यले ९ वैशाख ०८१ मा उनीहरू निर्दोष रहेको दाबी गर्दै निवेदन दिएका थिए । अढाई वर्षसम्म विभिन्न कारणले रोकिँदै ५०औँ पटकको पेसीमा मात्र यो मुद्दा किनारा लागेको हो ।

यो घटना ०७२ मा मधेश आन्दोलनसँग जोडिएको छ । २५ भदौ ०७२ मा हेटौँडाबाट संयुक्त राष्ट्रसंघीय मिसनको परीक्षा दिएर कार्यस्थल महोत्तरी फर्कँदै गरेका सशस्त्र प्रहरीका असइ थमन विक आन्दोलनकारीको आक्रमणबाट घाइते भएका थिए । उनलाई जलेश्वर अस्पतालमा प्राथमिक उपचार गरी थप उपचारका लागि एम्बुलेन्समा जनकपुर ल्याइँदै गर्दा तत्कालीन अनैठा गाविसमा आन्दोलनकारीले एम्बुलेन्स रोकेर बाहिर निकाली लाठी र ढुंगाले हानेर क्रूरतापूर्वक हत्या गरेका थिए ।

भाउ...

पृष्ठ १ बाट क्रमशः

तर, बुधबार पेट्रोल पम्पको अवस्था अर्यालले भनेभन्दा ठिकविपरीत थियो । अधिकांश निजी पम्प बन्द भएपछि प्रहरी, सेना, सशस्त्र र साझा सहकारीका पम्पमा तेल खरिद गर्न उपभोक्ताको लाइन लागेको थियो । छिटफुट खुलेका निजी पम्पहरूमा पनि उपभोक्ताको भिड थियो । आयल निगमको डिपोबाट तेल पुगेपछि भने दिउँसो ३ बजेबाट बिस्तारै स्थिति सामान्य बनेको हो ।

आयल निगमका प्रवक्ता मनोज ठाकुरले मूल्य घट्ने पूर्वानुमानअनुसार पम्प व्यवसवायीले तेल खरिद नगर्दा बुधबार आपूर्ति असहज भएको बताए । 'पम्पले तेल नै खरिद नगर्दा आपूर्तिमा असहजता भएको हो । पम्पहरू बन्द भएको थाहा पाउनासाथ अनुगमन टोली खटाएका थियौँ,' उनले भने, 'समस्याको समाधान पनि चाँडै नै भयो ।'

तर, कतिपय पम्प सञ्चालकलाई निगमकै कर्मचारीले मूल्य घट्ने सूचना दिएको स्रोत बताउँछ । सस्तोमा तेल किनेर महँगोमा बेच्नुपर्ने भएकाले पम्प सञ्चालकहरू मंगलबार नउठाउने निष्कर्षमा पुगेका थिए । यो तथ्य आयल निगमको थानकोट डिपोको अवस्थाले पुष्टि गर्छ । थानकोट डिपोले दैनिक १८३ पेट्रोलपम्पलाई औसत १५ लाख लिटर तेल बिक्री गर्छ, तर मंगलबार बिहान ११ बजेसम्म तेल किन्नका लागि जम्मा ४५ पेट्रोल पम्पले मात्रै निगमको खातामा पैसा जम्मा गरेका थिए । ती पम्पले पनि अरू दिनको भन्दा न्यून माग गरेका कारण मंगलबार कुल दुई लाख ४७ हजार लिटर मात्रै तेल थानकोटबाट बिक्री भएको थियो । बिहान ११ बजे नै देशभरका पम्पहरूले तेल नउठाएको खबर डिपोमार्फत केन्द्रीय कार्यालय पुगेको थियो, तर निगम व्यवस्थापनले पनि आपूर्ति सहजताका लागि पम्प सञ्चालकहरूसँग समन्वय गरेर तेल खरिदका लागि दबाब दिन चासो नै दिएन ।

इन्डियन आयल कर्पोरेसनबाट नियमित कार्यतालिकाअनुसार मंगलबार दिउँसो नयाँ मूल्यसूची आएपछि निगम सञ्चालक समितिको साँझ ६ बजे डाकिएको बैठकमार्फत इन्धनको भाउ घटाउने निर्णय भयो र राति ११ बजे निगमले विज्ञप्तिमार्फत जानकारी गरायो । पेट्रोल २० र डिजेल ३० रुपैयाँ प्रतिलिटर घटेको खबरले उत्साहित भएका उपभोक्ता बिहानै सवारीसाधन लिएर पम्पमा पुग्दा तेल भर्न पाएनन् । तर, अघिल्लो दिन तेल नउठाएकाले अधिकांश पेट्रोलपम्प रित्ता थिए ।

निगमको व्यवस्थापकीय अक्षमताका कारण पम्पहरूको सिन्डिकेट चलेको र बजारमा इन्धन अभाव भएको उपभोक्ता अधिकारकर्मीको आरोप छ । 'बुधबार दिनभर काठमाडौं उपत्यकासहित देशभरका अधिकांश पेट्रोलपम्प बन्द भएका छन् । पेट्रोलियम पदार्थको भाउ बढ्ने सूचना पाउनेबित्तिकै सक्दो स्टोर गर्ने र भाउ घट्ने सूचना पाउनेबित्तिकै निगमबाट नल्याउने प्रवृत्ति गलत छ,' उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले भने, 'यो उपभोक्तमाथिको गम्भीर अपराध हो । यसमा सूचना दिने निगमका कर्मचारी र तेल नउठाएर आपूर्तिमा असहजता ल्याउने पम्प सञ्चालकलाई कारबाही हुनुपर्छ ।'

बुधबार ९ बजे कार्यालय खोलेर बिहान ११ बजेसम्म कुन पम्पले कति तेल लैजाने भनेर तय भएपछि मात्रै आयल निगमले ट्यांकरमा तेल हालेर पम्पहरूमा पठाउन थालेको थियो । एउटा ट्यांकरमा तेल हाल्न करिब आधा घण्टा लाग्ने गरेको छ । त्यस्तै, एउटै ट्यांकरमा तीन-चार पेट्रोल पम्पका लागि तेल हालेर डिपोबाट ट्यांकर निस्कने गरेका छन् । एउटै ट्यांकरले पालैपालो पम्पहरूमा पुगेर तेल खसाल्दा तुलनात्मक रूपमा ढिला हुन्छ । यो प्रणालीका कारण डिपोबाट पम्पसम्म तेल आउन दिउँसो २ बज्छ । बुधबार पनि २ बजेतिर पम्पहरूमा तेल आउन थालेपछि आपूर्ति सहज भएको हो ।

बुधबार बिहानबाट काठमाडौं उपत्यकासहित देशभरका पम्प बन्द रहेको सूचना फैलिएपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले समेत चासो राखेको थियो । स्रोतका अनुसार प्रधानमन्त्री कार्यालयले बन्द भएका पम्पहरूको सूची बनाएर खारेजी प्रक्रियामा लैजान निर्देशन दिएको थियो । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले पनि करिब साढे १२ बजे आयल निगमका निमित्त कार्यकारी निर्देशक दीपक बराललाई फोन नै गरेर तेल बिक्री नगरी आफूखुसी बन्द गरेर बसेका पम्पलाई कारबाही गर्न निर्देशन दिएकी थिइन् । उनले बन्द भएका पम्पको तुरुन्त अनुगमन गरी सिल गर्न र खारेजी प्रक्रियामा लैजान निर्देशन दिएको स्रोतले बतायो । मन्त्री यादवको निर्देशनपछि कार्यकारी निर्देशक बरालले पम्प अनुगमनमा कर्मचारी खटाएका थिए ।

दिउँसो करिब २ बजे अनुगमनमा निस्किएको टोलीले भने बानेश्वरको श्री ब्रदर्स आयल स्टोर, तीनकुनेको रिकेश भ्याली स्टोरलगायत पम्पमा सिल लगाएको थियो । तर, साँझ पम्पहरूमा तेल जान थालेपछि भने निगमले सिल खोलिदिएको थियो । आयल निगमका प्रवक्ता मनोज ठाकुरले पम्पमा तेल गइसकेपछि बिक्री-वितरण गर्न सहज होस् भनेर सिल खोलिएको बताए ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मितिः २०८३/०३/१८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको विभिन्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्र्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण	जमानतकर्ताको विवरण
१. ऋणीः ओम शुभ लक्ष्मी ट्रेर्डस एण्ड सप्लायर्स प्रा.लि. दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ दर्ता नं. २२४५०५/०७६/०७७ पान नं. : ६०९६२६४९६ दर्ता मिति : २०७६/०५/३० ठेगानाः हेटौडा-६, मकवानपुर **अ.प्रा.व्यक्ति/जमानतकर्ताको नाम : सुबोध पौडेल (एकल शेयरधनी)** बाबुको नाम : रमेश प्रसाद पौडेल बाजेको नाम : देवी प्रसाद उपाध्याय ठेगाना : हेटौडा -०६, मकवानपुर ना.प्र.नं : ६०/३९८९७ जारी गर्ने कार्यालय : जि.प्र.का., मकवानपुर जारी मिति : २०६३/०८/०१ **कर्जा लिएको शाखाः हेटौडा, मकवानपुर**	**क) नाम :रमेश प्रसाद पौडेल** बाबुको नाम : देवी प्रसाद उपाध्याय बाजेको नाम :डिल्ली प्रसाद ठेगानाः पुरानोगाउँ-०८, काभ्रे, हालः हेटौडा-०६, मकवानपुर ना.प्र.नं. : ८३३३३/१६७, जारी मिति : २०५६/०१/१५ जारी गर्ने कार्यालय : जि.प्र.का., काभ्रे **ख) नाम : पवित्रा पौडेल** बाबुको नाम : गोवीन्द प्रसाद अधिकारी पतिको नाम : रमेश प्रसाद पौडेल ससुराको नाम : देवी प्रसाद उपाध्याय ठेगाना : हेटौडा-०६, मकवानपुर ना.प्र.नं : १४७८, जारी मितिः २०५१/१२/२२ जारी गर्ने कार्यालयः जि.प्र.का., मकवानपुर **ग) नाम : रेणुका वाग्ले** बाबुको नाम : परशुराम वाग्ले पतिको नाम : सुबोध पौडेल ससुराको नाम : रमेश प्रसाद पौडेल ठेगानाः पनौती-१२, काभ्रे, हालः हेटौडा -०६, मकवानपुर ना.प्र.नं : ३०-०१-०६६-००१२९ जारी गर्ने कार्यालय : जि.प्र.का., काभ्रे जारी मितिः २०६६/०८/०५

सुरक्षणमा रहेको धितोको विवरणः यस डेभलपमेन्ट बैंकको नाममा दर्ता भई ऋणी श्री ओम शुभ लक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स प्रा.लि. कायम रहेको निम्नानुसारको सवारी साधन-१ थान ।
सवारी साधान दर्ता नं.: प्र ३ ०१ ०२३ च ९३१२ ईन्जिन नं.: LL58636 बनेको सालः २०२०
च्यासिस नं.: MAJAXXMRKA-LL58636 मोडलः Ecosport 1.5 सवारीको प्रयोगः निजी
कम्पनीको नामः Ford India सि.सि./हर्ष पावरः 1496 cc सवारीको रङ्गः M.D Silver

ऋणीको विवरण	जमानतकर्ताको विवरण
२. ऋणीः यादव कन्सट्रक्सन दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यलय, बर्दिया दर्ता नं. : ४०/१७६३/०६०/०६१ दर्ता मिति :२०६०/१०/२६ ठेगाना : गुलरिया-०९, बर्दिया पान नं.: ३०१८१६०५२ **प्रोप्राइटर/जमानतकर्ताको नामः अशोक कुमार यादव** बाबुको नाम : मोती लाल यादव बाजेको नामः श्रीराम यादव ठेगाना : गुलरिया-०२, वर्दिया हाल : गुलरिया-०७, बर्दिया ना.प्र. नं. ३७३१, जारी मिति :२०५३/०९/१० जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया **कर्जा लिएको शाखा : गुलरिया, बर्दिया** **जमानतकर्ताको विवरण** **क) नाम : मोती लाल यादव** बाबुको नाम : श्रीराम यादव बाजेको नामः राम प्रसाद यादव ठेगानाः गुलरिया-०२, वर्दिया हालः गुलरिया-०७, बर्दिया ना.प्र.नं. : ४३९३१, जारी मिति : २०४१/०८/१४ जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया **ख) नाम : मनोज कुमार यादव** बाबुको नाम : मोतिलाल यादव बाजेको नाम : श्रीराम यादव ठेगानाः गुलरिया-०९, वर्दिया हालः गुलरिया-०७, बर्दिया ना.प्र.नं.:१४८९६/३४३८७५८१ जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया जारी मिति :२०५८/०६/२४	**ग) नामः सविता वाग्ले** बाबुको नामः यदुनाथ शर्मा पतिको नाम : अशोक कुमार यादव ससुराको नाम : श्रीराम यादव ठेगानाः मैनापोखर-०५, वर्दिया हालः गुलरिया-०७, बर्दिया ना.प्र.नं.:६५१०१०/१११, जारी मिति :२०६४/०९/२२ जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया **घ) नाम :सरोज यादव** बाबुको नामः मोति लाल यादव बाजेको नामः श्रीराम यादव ठेगानाः गुलरिया-०९, बर्दिया हालः गुलरिया-०७, बर्दिया ना.प्र.नं.:३२६८९ जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया जारी मिति :२०६१/०७/१६ **ङ) नाम : सावित्री अहिर** बाबुको नामः राम दुलारे अहिर पतिको नाम : मनोज कुमार यादव ससुराको नाम :मोतिलाल यादव ठेगानाः गुलरिया-०७, बर्दिया हालः गुलरिया-०७, बर्दिया ना.प्र.नं.: ६५-०१-७६-०५९१६ जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया जारी मिति :२०७६/०९/११ **च) नाम :रोहित यादव** बाबुको नामः मनोज कुमार यादव बाजेको नामः :मोतिलाल यादव ठेगानाः गुलरिया-०७, बर्दिया ना.प्र.नं.:६५-०१-७९-०२८२८ जारी गर्ने कार्यालय :जि.प्र.का., बर्दिया जारी मिति :२०७९-०४-१७

सुरक्षणमा रहेको धितोको विवरणः
१) श्री मालपोत कार्यालय गुलरिया बर्दियामा सरोज यादवको नाममा दर्ता कायम रहेको सानोश्री-०१, बर्दिया स्थित कि.नं ३४८, ३४९, २९० र गुलरिया-०२ स्थित कित्ता नं. ४९७, १२७५, १९३२ र १९३५ को क्षेत्रफल क्रमश : १६९३.२०, १६९३.२० ३३८६.४०, १९९७.६४, ६२६.३८, २५.४० र ५०.८० व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२) श्री मालपोत कार्यालय गुलरिया बर्दियामा अशोक कुमार यादवको नाममा दर्ता कायम रहेको गुलरिया-०२,बर्दिया स्थित कित्ता नं. ५९५ को क्षेत्रफल २८७.८४ व.मी.रहेको घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३) श्री मालपोत कार्यालय गुलरिया बर्दियामा मोती लाल यादवको नाममा दर्ता कायम रहेको गुलरिया-०२, बर्दिया स्थित कित्ता नं. ८४४, १७०३ र २२३ को क्षेत्रफल क्रमशः १४३.९१, १६०.८४ र १०१.५७ व.मी.रहेको घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

Invitation for Sealed Bids for Interior Construction

Date of Publication: 2nd July, 2026 (18th Ashadh, 2083)

Mahalaxmi Bikas Bank Limited a leading national level development bank invites sealed bids from interested and eligible contractors for interior construction works (civil, sanitary, carpentry, furnishing, communication, security, HVAC and electrical & allied works) of our branches as mentioned below:

i. Lamahi, Dang ii. Rukum, Rukum West iii. Amarpath Butwal, Rupandehi
iv. Putalisadak, Kathmandu

Terms and Conditions:

- The bid documents can be purchased within office hours (9:00 AM till 5:00 PM) from the office of General Service Department, Head Office, Thapathali upon payment of non-refundable fee of NPR 5,000.00 (NPR Five Thousand Only) for each branch on or before 15th day of the date of publication of this notice.
- Bid document fee should be deposited in the following account of our Bank:
  - Account Number: 999-20401010201
  - Account Name: Miscellaneous Deposit Receipt
- Sealed Bids must be submitted within office hours on or before 15th day of the date of publication of this notice. Documents received after this deadline will be rejected.
- Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid bond, amounting to a minimum of 5% of the bid amount in the form of bank guarantee from any commercial bank, which shall be valid for 30 days beyond the validity of the bid (total 120 days validity bid bond). The bid bond may also be deposited through cash margin deposit in the following account of the Bank:
  - Account Number: 99921607031017
  - Account Name: Miscellaneous Sundry Creditors

Minimum Eligibility Criteria:

1. At least 5 years of working experience in interior construction works.
2. Has carried out internal construction works of at least 10 branches of Bank and Financial Institutions (BFIs) in Nepal.

The bids shall be opened at 3:00 PM on next working day of the last date of bid submission.

If the last date of purchasing, submission and opening of the bid falls on a public holiday, it shall be extended to the next working day.

The Bank reserves the right to accept partly or reject any or all proposals without assigning any reason whatsoever.

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८७१९
सामान्य प्रशासन विभाग थापाथली, काठमाण्डौं फोन नं. ०१-५९११५१९, Ext.: ४०२, ४०४

सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

हिमालयन पावर पार्टनर लिमिटेड
Himalayan Power Partner Ltd.
पो.ब.नं. १२५३८, महाराजगञ्ज, काठमाडौं, फोनः ९७७-१-४००२८०१, फ्याक्सः ९७७-१-४४१४५१७
E-mail: hpphydro@gmail.com, Website: www.hpp.com.np

१३औं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

(पटक प्रकाशित मिति २०८३/०३/११ गते)
(दोश्रो प्रकाशित मिति २०८३/०३/१८ गते)

श्री आदरणीय शेयरधनी महानुभावहरु,
हिमालयन पावर पार्टनर लिमिटेडको मिति २०८३/०३/१० गतेका दिन बसेको सञ्चालक समितिको ८१औ बैठकको निर्णयानुसार कम्पनीको वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा निम्न विषयहरु माथी छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साधारण सभाका दिन निम्न लिखित मिति, स्थान र समयमा शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

सभा हुने मिति, समय र स्थान :
सभा हुने मिति : २०८३ साल आषाढ महिना ३२ गते बिहिबार ।
सभा हुने स्थान : अम्रपाली ब्यांक्वेट, बालुवाटार, काठमाण्डौं ।
सभा शुरु हुने समय : बिहान ९:०० बजे ।

छलफलका विषयसूचीहरु :

क. सामान्य प्रस्तावहरुः
१. संचालक समितिको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. वार्षिक आर्थिक विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा मिति २०८१ श्रावण १ देखि २०८२ आषाढ मसान्तसम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने ।
३. आर्थिक वर्ष २०८२/०८३ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. संचालक समितिको निर्वाचन गर्ने सम्बन्धमा ।
५. स्वतन्त्र संचालक नियुक्त गर्ने सम्बन्धमा ।

ख. विशेष प्रस्तावहरुः
१. कम्पनीले सामाजिक उत्तरदायित्व अन्तरगत गरेको आर्थिक सहयोग रकम रु.१,४३,००० लाई अनुमोदन गर्ने सम्बन्धमा ।
२. कम्पनीको प्रबन्धपत्र र नियमावली संशोधन गर्ने ।
३. कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधन सम्बन्धित नियमनकारी निकायहरुबाट कुनै संशोधन, फेरवदल वा थपघट गर्न कुनै सुझाव वा निदेशन प्राप्त भएमा वा त्रुटी सच्याउनु परेमा सोही बमोजिम आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

ग. विविध सम्बन्धमा

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

साधारण सभा सम्बन्धी थप जानकारी :
१. साधारण सभा प्रयोजनका लागि कम्पनीको शेयर दाखिल खारेज (शेयर दर्ता किताब) मिति २०८३/०३/१८ गते बिहीबारको दिन बन्द रहनेछ । दाखिल खारेज (शेयरधनी दर्ता पुस्तिका) बन्द हुनुभन्दा अघिल्लो दिनसम्म अर्थात मिति २०८३/०३/१७ गते बुधबार सम्ममा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई शेयर नामसारी भई कायम भएका शेयरधनीहरुले उक्त साधारण सभामा भाग लिन, मतदान गर्न पाउने व्यहोरा अनुरोध छ ।
२. कम्पनीको साधारण सभाको सूचना, वार्षिक प्रतिबेदन, वित्तीय विवरण आदि शेयरधनी महानुभावहरुले कम्पनीको वेबसाइट www.hpp.com.np हेर्न र डाउनलोड गर्न सक्नु हुनेछ ।
३. कम्पनीको कार्यालय महाराजगञ्ज, काठमाण्डौंमा ४८ घण्टा अगावै प्रोक्सी दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियूक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुन आवश्यक छ ।
४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा प्रोक्सी दिइएको भए तापनि स्वतः वदर हुनेछ ।
५. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरि प्रोक्सी दिएमा सम्पूर्ण प्रोक्सीहरु स्वतः बदर हुनेछ ।
६. नावालक वा विछिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लागत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।
७. शेयरधनीहरुले व्यक्त गरेका मन्तब्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले वा अध्यक्षको अनुमति पाएका व्यक्तिले उत्तर दिइनेछ ।
८. सभामा भाग लिने प्रत्येक शेयरवाला महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान ८:०० वजेदेखि सभा समयसम्म खुल्ला रहनेछ ।
९. संचालक समितिको निर्वाचन सम्बन्धी विस्तृत कार्यक्रम सहितको सूचना निर्बाचन अधिकृत मार्फत कम्पनीको रजिष्टर्ड कार्यालय, महाराजगंज, काठमाण्डौंको सूचना पाटीमा टाँस गरिनुका साथै कम्पनीको वेवसाइट www.hpp.com.np मा समेत राखिने छ ।
१०. साधारणसभा सम्बन्धी थप जानकारीको लागि कम्पनीको रजिर्ष्टर्ड कार्यालयको फोन नं. ४००२८०१ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।

फिफा वर्ल्ड कप विशेष

का.जि.द.नं.१२८ / ०६३ / ६४, म.के.हु.नि.द.नं. १७ / ०६१ / ०७०

नयाँ पत्रिका

बिहीबार १८ असार ०८३

www.nayapatrikadaily.com

मेसीको विश्वरेकर्ड पछ्याउँदै एम्बाप्पे

एजेन्सी

अर्जेन्टिनी कप्तान लियोनल मेसीले विश्वकपमा २९ खेलबाट १९ गोल गरेका छन् । फ्रान्सका केलियन एम्बाप्पेले १८ खेलमा १८ गोल गरे । मेसीको रेकर्ड बराबरी गर्न उनलाई एक गोल आवश्यक छ ।

फ्रान्सका कप्तान केलियन एम्बाप्पेले फिफा विश्वकप फुटबल प्रतियोगितामा अर्जेन्टनी कप्तान लियोनल मेसीले बनाएको सर्वाधिक १९ गोल विश्वकीर्तिमान पछ्याइरहेका छन् । मेसीले चालू २३औँ संस्करणको विश्वकपअन्तर्गत समूह चरणमा जर्मनी स्ट्राइकर मिरोस्लाभ क्लोजको १६ गोल संख्या तोड्दै १९ संख्या पुऱ्याएका हुन् । मेसीको रेकर्डपछाडि एम्बाप्पे निकै नजिक पुगेका छन् । फ्रान्सले स्विडेनविरुद्ध ३-० को जित निकाल्दा एम्बाप्पेले दुई गोल गरेका थिए । यससँगै उनले विश्वकपमा गोल संख्या १८ पुऱ्याएका छन् ।

मेसीको रेकर्ड बराबरी गर्न उनलाई एक गोल आवश्यकता छ । मेसीको तुलनामा एम्बाप्पेले कम खेल खेल्दै १८ गोल पुऱ्याएका हुन् । उनले विश्वकपमा अहिलेसम्म १८ खेल पूरा गरेका छन् । मेसीले ६ पटकको विश्वकप यात्रामा २९ खेल खेलिरहेका छन् । चालू विश्वकपमा मेसी र एम्बाप्पेले समान ६ गोल गरेका छन् । एम्बाप्पेको उमेर २७ वर्ष मात्रै छ । मेसी भने ३९ वर्षका भए । मेसीले लगातार सात खेलमा गोल गर्ने विश्वकपमा रेकर्ड बनाएका छन् । मेसीले आफ्नो गोल संख्या बढाउने अवसर छ । मेसीले समूह चरणमा अल्जेरियाविरुद्धको खेलमा ह्याट्रिक गरेका थिए । त्यसैगरी उनले जोर्डनविरुद्धको खेलमा १ गोल र अस्ट्रियाविरुद्धको खेलमा २ गोल गरेका थिए ।

प्रिक्वार्टरफाइनलमा उत्कृष्ट फर्ममा रहेको केप भार्डेविरुद्ध अर्जेन्टिनाले प्रतिस्पर्धा गर्दै छ । यस खेलमा मेसीले गोल संख्या थप्ने अपेक्षा छ । एम्बाप्पेले समूह चरणमा सेनेगल र इराकविरुद्ध समान २ गोल गरेका थिए । अर्कोतिर विश्वकपमा मेसी र एम्बाप्पेलाई नपत्याउँदो रूपमा नर्वेका हाल्यान्डले दबाब दिइरहेका छन् । हाल्यान्डले पनि पाँच गोल गरेका छन् । नर्वेले मंगलबार राति आइभोरी कोस्टविरुद्ध २-१ को जित निकाल्दा हाल्यान्डले निर्णायक गोल गरेका थिए । विश्वकपमा मुख्य गरी मेसी, एम्बाप्पे र हाल्यान्डबिच गोल्डेन बुट प्रतिस्पर्धा चलिरहेको छ ।

चालू विश्वकपमा ७९ खेलमा २३१ गोल भएका छन् । अहिले प्रतिखेलको गोल औसत २.९२ रहेको छ । ६ पटक विश्वकप खेलिरहेका पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डोले कहिले पनि नकआउट चरणमा गोल गरेका छैनन् । २३औँ संस्करणको विश्वकपमा उनले २ गोल मात्र गरेका छन् । उनले कमजोर प्रतिद्वन्द्वी उज्वेकिस्तानविरुद्ध गरेका थिए । पहिलो खेलमा डिआर कंगोविरुद्ध रोनाल्डोले फितलो प्रदर्शन गरेका थिए । दोस्रो खेलमा उज्वेकिस्तानविरुद्ध उनले उत्कृष्ट खेल प्रदर्शन गरी म्यान अफ दी म्याच पुरस्कार पाए ।



एम्बाप्पे नकआउट चरणमा धेरै गोल गर्ने खेलाडी

लगातार दुई विश्वकपमा एम्बाप्पे उच्च लयमा खेलिरहेका छन् । सन् २०२२ को कतारले आयोजना गरेको विश्वकपमा उनले सर्वाधिक आठ गोल गर्दै गोल्डेनबुट जितेका थिए । यसपटक पनि शतप्रतिशत फर्ममा छन् । अहिले तीन खेलमा ६ गोल गरेका छन् । विश्वकपमा उनले नकआउट चरणमा एउटा रेकर्ड आफ्नो नाममा लेखाएका छन् । विश्वकप इतिहासमा नकआउट चरणमा धेरै गोल गर्ने उनी बनेका छन् । उनले नौ नकआउट खेलमा १० गोल गरे ।

यो रेकर्ड बनाउँदा उनले चार वर्षअघि अर्जेन्टिनाविरुद्धको फाइनलमा ह्याट्रिक गरेका थिए । विश्वकपको फाइनलमा ह्याट्रिक गर्ने उनी दोस्रो खेलाडी हुन् । कतार विश्वकपको नकआउट चरण खेलमा उनले आठ गोल गरेका थिए । यसैगरी, ब्राजिलका रोनाल्डोले १० नकआउट खेलमा आठ गोल गरेका छन् । मेसीले नकआउट चरणमा आठ गोल थोकेका छटन् । सन् १९३० को विश्वकपमा पोल्यान्डका लेओनिडासले आठ गोल गरेका थिए । यसैगरी, फ्रान्सका जस्टिन फोन्टिइनले तीन नकआउट खेलमा सात गोल गरे । ब्राजिललाई तीनपटक विश्वकप दिलाएका पेलेले ६ नकआउट प्रतिस्पर्धामा सात गोल गरेका छन् । विश्वकप इतिहासमा १६ गोलको रेकर्ड बनाएका क्लोजले नकआउट चरणमा पाँच गोल गरेका थिए ।

नकआउट चरणमा धेरै गोल गर्ने खेलाडी

केलियन एम्बाप्पे (फ्रान्स)	१० गोल
रोनाल्डो (ब्राजिल)	८ गोल
लियोनल मेसी (अर्जेन्टिना)	८ गोल
ओर्डिच निजेली (चेकोस्लोभाकिया)	७ गोल
पेले (ब्राजिल)	७ गोल
भाभा (ब्राजिल)	७ गोल

म्याच प्रिभ्यु

स्पेनलाई युरोपियन प्रतिद्वन्द्वी अस्ट्रियाको डर



चार वर्षअघि कतारमा अफ्रिकी टोली मोरोक्कोसँग पराजित हुँदै स्पेन अन्तिम १६ बाट घर फर्किएको थियो । त्यसबाट पुनरागमन गर्दै स्पेनले दुई वर्षभित्र युरोपका प्रमुख दुई उपाधि जित्यो । सन् २०२३ मा नेसन्स कप तथा २०२४ को युरोपियन च्याम्पियनसिप हात पारेको स्पेनले अहिले उत्कृष्ट फर्ममा छ । चालू विश्वकपको केप भार्डेविरुद्धको पहिलो खेलबाहेक स्पेनले अरू दुई खेलमा उत्कृष्ट प्रदर्शन गऱ्यो । स्पेनलाई एउटै मात्र डर छ । चार वर्षअघि नकआउट चरणकै जस्तो नतिजा भोग्नुपर्ने होइन ? यसपटक राउन्ड अफ ३२ मा स्पेनले युरोपकै प्रतिद्वन्द्वी अस्ट्रियाको सामना बिहीबार राति गर्दै छ ।

१६ पटक विश्वकप खेलिसकेको स्पेनले सन् २०१० मा दक्षिण अफ्रिकामा भएको विश्वकप जितेको थियो । त्यो फाइनलमा नेदरल्यान्ड्सलाई स्पेनले हराएको थियो । अहिले फेरि एकपटक स्पेनसामु विश्व च्याम्पियन हुने अवसर छ । प्रशिक्षक लुइसुले फरक रणनीतिमा विश्वकपमा खेलाडीलाई प्रयोग गरिरहेका छन् । अहिले एक हारले घर फर्कनुपर्ने हुन्छ । यसैकारण, स्पेनले अस्ट्रियासँगको खेलमा गल्तीरहित प्रतिस्पर्धा गर्ने प्रशिक्षकले जनाएका छन् । स्पेनको एउटै मात्र कमजोरी भनेको विश्वस्तरीय स्ट्राइकर हुँदा पनि विपक्षी पोस्टमा कम गोल निस्किरहेको छ । स्पेनले तीन खेलमै क्लिन सिट राख्दा पाँच गोल गरेको छ । साउदी अरेबियालाई ४-० ले हराएको स्पेनले उरुग्वेलाई १-० ले पाखा लगायो ।

दबाबरहित अस्ट्रिया

स्पेनको तुलनामा अस्ट्रियालाई केही डर छैन । उसलाई स्पेनविरुद्ध उत्कृष्ट प्रदर्शन गर्नु मात्र ध्यान हुनेछ । यसकारण अस्ट्रिया दबाबरहित प्रतिस्पर्धा गर्ने पक्षमा छ । फिफा वरीयतामा आफूभन्दा २२ स्थान माथि रहेको स्पेनलाई हराउने रणनीति अस्ट्रियाको हुनेछ । रक्षात्मक खेल खेल्दै काउन्टरमा दबाब दिने योजनामा अस्ट्रिया छ । अस्ट्रियाले पछिल्लो ६ संस्करण विश्वकपमा स्थान बनाउन सकेन । अस्ट्रिया सन् १९९८ पछि विश्वकप खेलेको हो । ४४ वर्षपछि नकआउटमा स्थान बनाएको अस्ट्रियाको मनोबल उच्च छ । सन् १९३४ मा तेस्रो स्थान हासिल गरेको अस्ट्रिया त्यही कथा दोहोराउन चाहन्छ ।

समूह 'जे' मा अस्ट्रियाले तीन खेलमा मात्र एक जितसहित चार अंक जोडेर उपविजेता स्थान रक्षा गरेको थियो । प्रशिक्षक राल्फ राङनिकले डिफेन्डर डेविड अलाबा, कोन्राड लाइमर, मार्कल सावित्जर, निकोलास सेइवाल्ड, मार्क मुख्य खेलाडीका रुपमा रहेका छन् । स्पेनका प्रशिक्षक लुइसले लामिन यामलसँगै एलेक्स बाइना, निको विलियम्स, रोड्रि, डानी ओल्मो, पेड्रीजस्ता खेलाडीलाई पहिलो सेटमै खेलाउन सक्छन् ।

प्लेयर्स टु वाच


एलेक्स बाइना (स्पेन)



युरोपेली प्रतिस्पर्धामा अस्ट्रियासँग भिड्दा स्पेनका लागि हेर्नलायक खेलाडी स्ट्राइकर एलेक्स बाइना हुन् । निको विलियम्स ह्यामिस्ट्रिङका कारण बेन्चमा रहँदा २४ वर्षीय विंगर एलेक्सले चालू विश्वकपमा सानदार प्रदर्शन गरिरहेका छन् । समूह चरणका तीनै खेल खेलेका उनले उरुग्वेविरुद्ध निर्णायक गोल पनि गरेका थिए । दक्षिण अमेरिकी कठिन प्रतिद्वन्द्वीविरुद्ध उनले ४२ औँ मिनेटमा गोल गर्न सफल भए । उरुग्वेविरुद्धको गोलमा उनले त्यत्तिकै आकर्षक मुभ बनाउन सफल भए । यही खेलमा जित निकाल्दा स्पेन समूह 'एच'को विजेता बन्यो । एलेक्सको विशेषता नै मैदानमा तीव्रगतिमा दौडने मात्र नभएर साथीहरूलाई गोलका लाग बल उपलब्ध गराउनु हो । यसका साथ लङरेन्ज बलमा पनि उनको पकड राम्रो छ ।



पहिलोपटक नर्वे प्रिक्वार्टरफाइनलमा



२८ वर्षपछि विश्वकपमा पुनरागमन गरेको नर्वेले पहिलोपटक प्रिक्वार्टरफाइनल स्थान बनाएको छ । इतिहासमा पहिलोपटक नकआउट चरण खेलेको नर्वेले मंगलबार राति आइभोरीकोस्टलाई २-१ ले हराउँदै प्रिक्वार्टरफाइनल स्थान रक्षा गरेको हो । क्वार्टरफाइनल प्रवेश खेलमा नर्वेले पाँचपटकको विजेता ब्राजिलको सामना गर्नेछ । आइभोरीकोस्टविरुद्ध ८६औँ मिनेटमा हाल्यान्डले निर्णायक गोल गरेका थिए । 'अहिले हामी निकै खुसी छौँ । अब हुने खेल हाम्रा लागि बोनसजस्तै हुन्,' हाल्यान्डले भने, 'हामी ढुक्क भएर खेल्नेछौँ । हरेक क्षणको आनन्द लिनेछौँ ।' नर्वेका प्रशिक्षक स्टेले सोल्बाकेनले १-१ को बराबरीपछि बलियो पुनरागमन गरेको बताए ।

खेल तालिका

१९ असार | ००:४५ बिहान
स्पेन vs अस्ट्रिया

१९ असार | ४:४५ बिहान
पोर्चुगल vs क्रोएसिया

१९ असार | ८:४५ बिहान
स्विट्जरल्यान्ड vs अल्जेरिया

१९ असार | ११:४५ बेलुका
अस्ट्रेलिया vs इजिप्ट



जितको खुसी मनाउँदा तीनजना मेक्सिकनको मृत्यु


एजेन्सी

चार दशकपछि फिफा विश्वकप फुटबल प्रतियोगिताको नकआउट चरणमा पुगेको मेक्सिकोका समर्थकले बुधबार बिहान मेक्सिकन सिटीमा धुमधामसँग खुसियाली मनाए । यही ऐतिहासिक जितको खुसी मनाउने क्रममा तीनजना समर्थकहरूको निधन भएको रोयटर्सले जनाएको छ । लाखौँ भिडमा निसासिएर ४८ वर्षीया महिला, ४४ वर्षीय पुरुष तथा एक युवाले ज्यान गुमाएका हुन् ।

चालू विश्वकपमा मेक्सिकोले घरेलु मैदानमा छिमेकी प्रतिद्वन्द्वी इक्वेडरलाई २-० ले हराउँदै नकआउट चरण स्थान पक्का गरेको थियो । मेक्सिको २३औँ संस्करणको सहआयोजक राष्ट्र हो ।

उसले आफ्नो खेलका दौरान मेक्सिकोको ठुला सहरमा स्क्रिनमा विश्वकपका प्रत्यक्ष लाइभ देखाइरहेको छ । राउन्ड अफ ३२ मा इक्वेडरसँगको खेलमा मेक्सिकन सिटीमा लाखौँ समर्थकले नकआउट चरण खेल हेरेका थिए । प्रतिस्पर्धामा मेक्सिकोले २-० को जित निकालेपछि लाखौँ समर्थक सकडमा हर्षोल्लास मनाए । मेक्सिको सन् १९८६ पछि प्रिक्वार्टरफाइनलमा पुगेको हो ।

एन्जल अफ इन्डिपेन्डेन्स स्मारकमा करिब दुई लाख समर्थकले लाइभ हेरेका थिए । यसै स्मारकमा तीनजना समर्थकले ज्यान गुमाएको मेयर क्लार्ला ब्रुगडाले जनाएका छन् । 'जितको खुसियाली मनाइरहेका हाम्रा समर्थकको निधन भएको छ । उनीहरूप्रति हामी श्रद्धाञ्जली



दिन चाहन्छौँ,' मेयर क्लार्लाले भने, 'पीडित परिवारलाई सरकारले हेर्ने विश्वास गरिएको छ ।' बेहोसी अवस्थामा तीनजनालाई तत्कालै अस्पताल पुऱ्याइएको थियो । अस्पतालको प्रशासनले इमर्जेन्सीमा प्राथमिक उपचारकै क्रममा निधन भएको जनाएको छ । 'आपत्कालीन सेवाले पासेलो डे रिफर्ममा रहेका स्वास्थ्यकर्मीले उपचार गरेका थिए । त्यसपछि अस्पतालमा ल्याइएको हो । तर, उनीहरूको निधन बाटोमै भएको देखिन्छ,' अस्पताल प्रशासनले भनेको छ ।

यसैबिच, मेक्सिन सिटीका मेयर क्लार्लाले आगामी दिनमा समर्थकहरूलाई सुरक्षित रूपमा खुसियाली मनाउन सन्देश दिएका छन् । 'मेक्सिकोले जित निकाल्दा हामी सबै सुरक्षित रूपमा बस्नुपर्छ । पहिलो आफ्नो ज्यानको सुरक्षा गर्ने हो,' उनले भने, 'मलाई आशा छ आउँदो दिनमा खुसीसँगै दुःखको खबर सुन्न नपरोस् ।' मेक्सिकन सिटीमा दुई करोड जनसंख्या छ ।

४० वर्षपछि नकआउटमा

तेस्रोपटक विश्वकप आयोजना गर्न अवसर पाएको मेक्सिकोले आफ्नो जितको यात्रालाई चार खेलसम्म पुऱ्याएको छ । अज्टेका रंगशालामा मेक्सिकोको जितमा जुलियन क्विनोनेस र राउल जिमेनेजले समान एक गोल गरेका थिए । इक्वेडरमाथिको जितले मेक्सिको ४० वर्षपछि प्रिक्वार्टरफाइनलमा पुग्यो । सन् १९८६ पछि मेक्सिकोले सातपटक विश्वकप खेले पनि प्रिक्वार्टरफाइनलबाटै बाहिरिँदै आएको छ । बल पोसेसनमा इक्वेडर अघि रहे पनि गोल भने गर्न सकेन । जुलियन विश्वकपको तीन फरक खेलमा गोल गर्ने मेक्सिकोका दोस्रो खेलाडी बनेका छन् । यसअघि लुइस हर्नान्डेजले १९९८ मा तीनै खेलमा गोल गरेका थिए । मेक्सिकोले समूह चरणमा दक्षिण अफ्रिका, दक्षिण कोरिया र चेक रिपब्लिकलाई पराजित गर्दै नकआउट चरणमा प्रवेश गरेको थियो । हारसँगै इक्वेडरको विश्वकप यात्रा सकिएको छ । पाँचौँपटक विश्वकप खेलेको इक्वेडरले दोस्रोपटक समूह चरण पार गरेको थियो ।

मार्को अर्नौटोभिक (अस्ट्रिया)



पछिल्लो समयमा अस्ट्रियाले युरोपमा राम्रो प्रदर्शन गरिरहेको छ । विश्वकपको नकआउट चरणमा अस्ट्रियाले स्पेनको सामना गर्दै छ । सन् २०१० को च्याम्पियन स्पेनलाई पाखा लगाउन अस्ट्रियाका लागि स्ट्राइकर मार्कोले प्रभावशाली प्रदर्शन गर्नुपर्ने हुन्छ । उनी अस्ट्रियाका प्रमुख स्ट्राइकरमा पर्छन् । ३७ वर्षीय मार्को टोलीमा आबद्ध भएका खेलाडीमध्ये अनुभवी छन् । उनीसँग युरोपको चर्चित क्लब इन्टर मिलान र वेस्टह्याम क्लबबाट खेलेको अनुभव छ । यो अनुभव उनले बलियो प्रतिद्वन्द्वी स्पेनविरुद्ध प्रयोग गर्नुपर्ने देखिन्छ । मार्कोले पछिल्लो खेलमा अल्जेरिया र पहिलो खेलमा जोर्डनविरुद्ध पनि समान एक गोल गरेका थिए । विश्वकपमा दुई गोल गरिसकेका उनले नकआउट चरणमा प्रभावशाली प्रदर्शन गर्न दुई मत छैन । युरोपका चर्चित डिफेन्डर मार्क कुकुरेला, मार्कोस लोरेन्ट, ऐमेरिक लोपार्ट, पेड्री, रोड्रीजस्ता खेलाडीलाई बिट गर्नु उनका लागि चुनौती हुनेछन् ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com